# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क ३७ पूर्णाङ्क २७५ | २०७८ चैत ७ गते सोमबार | Monday, 21 March, 2022 | पृष्ठ ८ | मूल्य रू. १०।–



**डढेलोबाट बचौ र बचाऔ**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौ,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौ र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔ,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होइन आसपासका वस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

**सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# स्थानीय निर्वाचन सशक्त बहिस्कार गर्ने क्रान्तिकारी माओवादीको निर्णय

काठमाडौ । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को गएको आइतबार सम्पन्न केन्द्रीय समितिको बैठकले संसदीय व्यवस्था अन्तर्गतको आसन्न स्थानीय निर्वाचन सशक्त रूपमा बहिस्कार गर्ने निर्णय गरेको छ। बैठकले विचार, राजनीति, संगठन र संघर्षका विषयमा गरेका ऐतिहासिक महत्वका निर्णयहरू पार्टीका महासचिव मोहन वैद्य 'किरण'ले एक प्रेस वक्तव्यमार्फत् सार्वजनिक गरिसक्नुभएको छ। पार्टीका महासचिव किरणले जारी



गरेको प्रेस वक्तव्यमा बैशाख ३० गते हुने भनिएको स्थानीय तहको निर्वाचन सशक्त रूपमा बहिस्कार गर्ने निर्णय गरिएको उल्लेख छ।

९ वटा बुँदामा जारी वक्तव्यको ७ नं बुँदामा स्थानीय तहको निर्वाचन बहिस्कार गर्ने निर्णयको आधार र कारणबारे बैठकमा महासचिव किरणले प्रस्तुत गर्नुभएको दस्तावेजको अंश उल्लेख गर्दै भनिएको छ, 'प्रतिक्रियावादी, अवसरवादी तथा भ्रष्ट तत्वहरूद्वारा पैसाको खोलो बगाउने भएको, चरम रूपमा साधन स्रोतको दुरूपयोग तथा शक्ति प्रदर्शन गर्ने देखिएको, स्वच्छ तथा निष्पक्ष निर्वाचनको कुनै संभावना नरहेको, प्रतिक्रियावादी राज्यसत्ताका तीनवटै अङ्ग असफल सावित हुँदै गए पनि नोकरशाही बाँकी ८ पेजमा

## एमसीसीका विरूद्ध दलित संगठनहरुको विरोधसभा सम्पन्न




काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट नेपाल दलित मुक्ति मोर्चासहित ६ पार्टी सम्बद्ध दलित संगठनहरूले एमसीसीको खारेजीका साथै दलित समुदायका समस्याहरूलाई लिएर आयोजना गरिएको विरोध प्रदर्शन तथा विरोध सभा सम्पन्न भएको छ।

विरोधसभालाई राष्ट्रिय सभाका सदस्य तथा जातीय समता समाजका अध्यक्ष राजेश विश्वकर्मा, नेपाल दलित मुक्ति कोर्चाका संयोजक अमर परियार, श्रमिक समुदाय मोर्चा, नेपालका महासचिव त्रिलोचन विश्वकर्मा, जातव्यवस्था उन्मूलन मोर्चा, नेपालकी बाँकी ६ पेजमा

## साँस्कृतिक र राजनीतिक सहिदहरूबाट उर्जा र उत्प्रेरणा लिँदै सशक्त रुपमा प्रतिरोध संघर्ष अगाडि बढाउनु पर्छ : चैतन्य




❑ जय दाहाल

काठमाडौं/२४औं सांस्कृतिक प्रतिरोध दिवसको सन्दर्भमा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समिति र इच्छुक सांस्कृतिक प्रतिष्ठानको संयुक्त आयोजनामा 'प्रतिरोधी संस्कृति निर्माणका चुनौतीहरू' विषयक अन्तरक्रिया कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ।

अन्तरक्रिया कार्यक्रमका प्रमुख वक्ता नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव समेत रहनुभएका मार्क्सवादी सौन्दर्यशास्त्रका ज्ञाता चैतन्य हुनुहुन्थ्यो। त्यसैगरी अन्य अतिथि वक्ताहरूमा मार्क्सवादी सौन्दर्य चिन्तक निनु चापागाईं, प्रा.डा. ताराकान्त पाण्डेय, रोशन जनकपुरी र अम्बिका मुडभरी रहनुभएको थियो।

गोष्ठीमा विचार व्यक्त गर्ने सबै वक्ताहरूले नेपालमा संसोधनवादी विचार हावी हुनु, पार्टीका नेता कार्यकर्ताहरूमा आलोचनात्मक चेत समाप्त हुँदै जानु, आफूले देखेका सपनाहरूप्रति आफैँले घात गर्नु जस्ता कार्यले गर्दा जनतामा प्रतिरोधात्मक संस्कृतिको विकास हुन नसकेको विचार व्यक्त गरेका थिए। बाँकी ७ पेजमा

## एमसीसीका विरूद्ध संयुक्त ट्रेड युनियन संघर्ष समितिको विरोध प्रदर्शनसहितको सभा सम्पन्न




काठमाडौं। संयुक्त ट्रेड युनियन सङ्घर्ष समितिद्वारा एमसीसी सम्झौताको विरुद्धमा २०७८ फागुन ३० गते जुलुससहित विरोधसभा सम्पन्न गरेको छ। काठमाडौँ माइतीघर मण्डलामा सम्पन्न एमसीसी सम्झौता खारेजीको लागि प्रदर्शन तथा सभामा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घका अध्यक्ष इश्वर तिमिल्सिना, अखिल नेपाल ट्रेड युनियन महासंघ (अन्टुक) का अध्यक्ष लोकराज भुसाललगायतका मजदुर नेताहरूले विरोध मन्तव्य राख्नुभएको थियो।

क्रान्तिकारी ट्रेड युनियन महासङ्घका महासचिव बसन्त बोगटीले सञ्चालन गरेको विरोधसभामा वक्ताहरूले राष्ट्रघाती एमसीसी खारेज गर्न, राष्ट्रिय स्वाधीनताको रक्षा गर्न, स्वाधीनता र स्वाभिमानमाथि आँच पुऱ्याउने कार्य बन्द गर्न, साम्राज्यवादीको दलाली गरी नेपाल र नेपालीमाथि दीर्घकालीन असर पुर्याउने रणनैतिक कार्यहरू नगर्न र असंलग्न पञ्चशीलको सिद्धान्तको बैदेशिक नीति अबलम्बन गर्न तथा छिमेकीहरूसँगको सन्तुलित सम्बन्ध कायम गर्न र गराउन माग गर्नुभएको थियो।

त्यसैगरी वक्ताहरूले मजदुर विरोधी श्रम कानुन, नियम खारेज गर्न, नो वर्क नो पे र हायर एन्ड फायर नीति बन्द गर्न पनि आवाज समेत उठाउनुभयो। सम्बोधनको क्रममा वक्ताहरूले पेट्रोलियम पदार्थलगायतका वस्तुको चर्को मूल्यवृद्धि फिर्ता गर्न र बजार महङ्गी नियमन, नियन्त्रण गर्न जोडदार मागसमेत गर्नुभयो।

## क्रान्तिकारी माओवादीले सार्वजनिक गऱ्यो केन्द्रीय समिति बैठकका निर्णयहरु : स्थानीय निर्वाचन बहिस्कार गर्ने

काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले आइतबार सम्पन्न बैठकका निर्णयहरू आज एक प्रेस वक्तव्यमार्फत् सार्वजनिक गरेको छ। पार्टीका महासचिव मोहन वैद्य किरणले जारी गरेको प्रेस वक्तव्यम आसन्न स्थानीय तहको निर्वाचन बहिस्कार गर्ने निर्णय गरिएको उल्लेख छ।

विभिन्न ९ बुँदामा सार्वजनिक गरिएको वक्तव्यको ७ नं. बुँदामा भनिएको छ, "आगामी बैशाख ३० मा हुन गइरहेको स्थानीय निर्वाचनको प्रश्नबारे उल्लेख गरिएको छ। प्रस्तावमा प्रतिक्रियावादी, अवसरवादी तथा भ्रष्ट तत्वहरूद्वारा पैसाको खोलो बगाउने भएको, चरम रूपमा साधन स्रोतको दुरूपयोग तथा शक्ति प्रदर्शन गर्ने देखिएको, स्वच्छ तथा निष्पक्ष निर्वाचनको कुनै संभावना नरहेको, प्रतिक्रियावादी राज्यसत्ताका तीनओटै अङ्ग असफल सावित हुँदै गए पनि नोकरशाही राज्य संयन्त्रको बलमा यो सत्ता तथा व्यवस्था टिक्न पुगेको, अहिले संसदमा राष्ट्रघाती एमसीसी अनुमोदन गर्ने काममा नेकाका साथै कम्युनिस्ट नामधारी माके, एकीकृत समाजवादी, एमाले लगायतका राजनीतिक दलहरूद्वारा अमेरिकी साम्राज्यवादको चरम दलाली तथा राष्ट्रिय गद्दारी गरिएको स्थितिमा तिनको अझै भण्डाफोर गर्न अति जरुरी भएको, निर्वाचन उपयोगको प्रश्न हरेक दृष्टिले सार्थक बन्ने संभावना नरहेको र पार्टीको क्रान्तिकारी छवि उपयोग होइन वहिष्कारद्वारा नै समुज्ज्वल हुने देखिएकोले स्थानीय निर्वाचनको बहिष्कार गर्ने नीति अवलम्बन बाँकी ७ पेजमा

## भारतीय अतिक्रमण र नेपाली आत्मसमर्पण






● खगेन्द्र छन्त्याल●

भनिन्छ, कुनै दिन नेपालको क्षेत्रफल ३ लाख ६७ हजार पाचसय पचहत्तर (३,६७,५७५) वर्ग कि.मी.थियो। बीचमा दुई लाख चार हजार नौ सय सत्र (२०४,९१७) वर्ग कि.मी. भयो र सुगौली सन्धिले नेपालको क्षेत्रफल १ लाख ४७ हजार एक सय एक्कासि बर्ग कि.मी. (१,४७,१८१) मात्र किटान गऱ्यो (अतिक्रमणको चपेटामा लिम्पियाधुरा-लिपुलेक पृष्ठ ५, रतन भण्डारी)। सुगौली सन्धिकै कारण नेपालले आफ्नो दुई लाख बीस हजार तीन सय चौरानब्बे वर्ग कि.मी. (२,२०,३९४) भूभाग गुमायो। यो भनेको हालको नेपाल जत्रो झण्डै दुई वटा भूभाग नेपालले गुमाउनु हो। सुगौली सन्धिले कायम गरेको १ लाख ४७ हजार एक सय एक्कासी बर्ग कि.मी. (१,४७,१८१) क्षेत्रफल पनि हाल नेपालको भूभाग देखिदैन। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले प्रकाशन गरेको 'गाउँपालिका तथा नगरपालिकाको संक्षिप्त परिचयँ पुस्तिकामा नेपालको क्षेत्रफल १ लाख ३७ हजार १ सय ६२ दशमलव ०३५ वर्ग किलोमिटर मात्र देखाइएको छ। यसरी सुगौली सन्धिले किटान गरेकै क्षेत्रफलबाट पनि १० हजार १८ दशमलव ९६५ बर्ग कि.मि. नेपाली भूभाग हरायो। विश्लेषकहरू भन्छन् यो अनुपातको भूभाग भनेको १४ वटा सिंगापुर देश जत्रो भूभाग हो। नेपालको दुई छिमेकी मुलुकहरू भारत र बाँकी २ पेजमा

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# अग्नी परीक्षामा जनता !

राणाविरोधी आन्दोलन होस् वा ०४६ सालको आन्दोलन, दशवर्षे जनयुद्ध होस् वा १९ दिने जनआन्दोलन, मधेस आन्दोलन होस् वा आदिवासी जनजाति आन्दोलन आदि सबै आन्दोलन, युद्ध वा विद्रोह र बलिदानमार्फत् अभिव्यक्त भएको जनमतको जनादेश भनेको नेपालमा जनताको वास्तविक राज्यव्यवस्थाको स्थापना हो । तर ती आन्दोलन, युद्ध वा विद्रोहको नेतृत्व गर्ने नेताहरूमा आएको विविधखाले विचलन, घोर अवसरवादी तथा संशोधनवादी विचार र दृष्टिकोणका कारण युद्ध र आन्दोलनमार्फत् अभिव्यक्त जनादेशको सम्मान हुन सकेन र त्यो संस्थागत पनि हुन सकेन । बरु परिणामतः उल्टो त्यस्तो जनादेशको घाँटी निमोठ्ने काम गरियो । ००७ सालदेखि ०६२/६३ सालसम्म भएका सबै युद्ध र आन्दोलनमाथि ठूल्ठूला धोका र गद्दारीहरू भए । यहाँसम्म कि मुलुकबाट राजतन्त्रसँगै संसदीय व्यवस्थाको समूल अन्त्य गरेर मुलुकमा संघीय जनगणतन्त्रको स्थापना गर्ने स्पष्ट लक्ष्य लिएर दशवर्षसम्म जनयुद्ध लडेको तत्कालीन माओवादीको ठूलो हिस्सा मरणासन्न अवस्थामा पुगेको त्यही संसदीय व्यवस्थालाई पुनर्जीवित गराउन पुग्यो । अहिले जनयुद्ध लडेका अधिकांश नेता कार्यकर्ताहरू यही भ्रष्ट, नालायक, निकम्मा, देशघाती र जनघाती राज्यव्यवस्थाको रूपमा बद्नाम संसदीय व्यवस्थाका भद्दा मतियार बन्न पुगेका छन् । यहाँसम्म कि सारा देशभक्त, वामपन्थी, कम्युनिस्ट क्रान्तिकारीहरूलाई बेवकुफ बनाउँदै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले आफैले राष्ट्रघाती करार गरेको राष्ट्रघाती एमसीसी पास गर्न रातारात खलनायकको भूमिका खेले । केवल निहित र दलगत स्वार्थका खातिर देशै बेच्न पनि पछि परेनन् ।

भारतीय विस्तारवादले गरेको नेपाली भूमि कब्जादेखि राष्ट्रघाती एमसीसी पाससम्म, भ्रष्टाचार र कमिसनका काण्डैकाण्डदेखि जनताको ढाँड भाँच्ने गरी असुलिएको करसम्म, महंगी, बेरोजगारी, हत्या, हिंसा, बलात्कारदेखि जातीय छुवाछुतसम्मका राष्ट्रघात र जनघातका श्रृङ्खलाहरू हेर्ने हो भने यो संसदीय व्यवस्था कति कुरूप, घिनलाग्दो, नालायक र निकम्मा छ भन्ने कुरा दिनको घाम झैं छर्लङ्ग छ । साम, दाम, दण्ड, भेद लगायत सबै हर्कत प्रयोग गरेर यहाँसम्म कि बुथ क्याप्चर गरेर, बक्सा साटासाट गरेर, डर, धाक, धम्की वा राज्यशक्तिको समेत दुरूपयोग गरेर चुनावी परिणाम आफ्नो पक्षमा पार्ने क्रियाकलापहरू हुने गरेका छन् । परिणामतः संसदीय व्यवस्थाको चुनावमा भ्रष्ट, अनैतिक तथा विदेशी दलालहरू, पैसा र गुण्डा परिचालन गर्न सक्नेहरूले नै चुनाव जित्ने गरेका दृष्टान्तहरू प्रशस्तै छन् । एमसीसी जस्तो राष्ट्रघाती एमसीसी सम्झौता पास गरेर देशको स्वाधीनता र सार्वभौमिकतालाई दाउमा हाल्ने संसदीय व्यवस्थाको औचित्य समाप्त भइसकेको छ । संसदीय व्यवस्थाका तीनवटै अंगहरू न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाका पूर्णरूपमा पटक पटक असक्षम र जनघाती साबित भइसकेको पृष्ठभूमिमा हुन गइरहेको यही संसदीय व्यवस्था अन्तर्गतको स्थानीय चुनावमा जनताले कसलाई, किन भोट दिने ? कांग्रेस, एमाले, माओवादी केन्द्र, एसमाजवादी, जसपा, लोसपा सबै एउटै ड्याङका मूला हुन् । यी पार्टी र यिनका नेता कार्यकर्ताहरूबाट जनताले परिवर्तन, न्याय, समानता र सुशासनको आशा र अपेक्षा गर्ने ठाउँ नै छैन । कार्यकर्ताको ठूलो पंक्तिको नै बिचौलियाकरण भएको छ । यिनलाई भोट हालेर चुनावमा जिताउनु भनेको आफैप्रति घात गर्नु हो । यी भ्रष्ट र दलाल पार्टीका नेता कार्यकर्ताहरूलाई भोट हालेर 'आत्मघाती' काम गर्छन् कि भोट (निर्वाचन)कै बहिस्कार गरेर भ्रष्ट दलालहरूलाई उचित पाठ सिकाउँदै आफूलाई यो कुरूप र घिनलाग्दो व्यवस्था बदल्ने महान अभियानमा उभ्याउँछन् ? यतिखेर आम नेपाली जनता अग्नीपरीक्षाको घडीमा छन् । स्वतन्त्रता र स्वाभिमानीपूर्वक सही र उचित निर्णय लिने जनताको नैसर्गिक अधिकार हो । जनतालाई दबाब र प्रभावमा पार्ने दलालहरूका हर्कतहरूको जनताले सशक्त रूपमा प्रतिरोध गर्न जरुरी छ । देशभक्त क्रान्तिकारी शक्तिहरू जनताको साथमा छन् ।

परिवर्तनको सम्वाहक


सत्यतथ्य निषक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौँ।
www.moolbato.com

# बैदेशिक सहयोग र राष्ट्रिय स्वाधीनताको प्रश्न

**इतिहासमा बैदेशिक सहयोग सैनिक गठबन्धनसँग सिधै जोडिएको एमसीसी पहिलो सहयोग हो । र यो नेपालबाट कम्युनिस्ट राजनीतिलाई तहसनहस पार्न ल्याएको स्पष्ट हुन्छ**



● हुकुमबहादुर सिंह ●

सन १९५०को दशकदेखि नेपालमा बैदेशिक सहयोग आउन थालेको इतिहास छ । सुरुका बर्षहरूमा देशको विकास खासगरी शिक्षा र स्वास्थ्यमा यस्ता सहयोग प्रभावकारी भएका देखिन्छन् । जबजब सहयोगको मात्रा र क्षेत्र बढदै गयो, क्रमसः कमीशनको खेलले बिदेशी सहयोगको दुरूपयोग पनि बढदै गयो ।

बैदेशिक सहयोगमा एनजीओ, आइएनजीओहरूको प्रवेशले गरीव देशहरूका जनताभन्दा गरीव देशका शासकहरू र सम्राज्यवादीहरूका लागि जनताबाट अनावश्यक सूचना मात्र धुतेको पाइएको छ । गरीव जनताको जीवनस्तर झनझन तलतिर खस्किदै गउको छ ।

धेरै आइएनजीओहरूले नेपालका गरीव जनतालाई विकासको नाममा ललिपप चखाएर सहयोगको अत्यधिक रकम आफ्नो व्यक्तिगत फाइदा र सुख सुविधामा खर्च गर्ने गरेको पाइन्छ । अहिले नेपालमा एउटा बहस सुरु भएको छ, जसमा सहयोगका नाममा सधैभरी नेपालमा वैदेशिक शक्ति केन्द्रहरू हावी भएको, बिदेशीहरूको अनावश्यक चलखेलआदि छन् ।

सारमा बिदेशी सहयोग के कसरी लिने भन्ने कुरा त्यो देशका जनता र सरकारको वैदेशिक सहयोग सम्वन्धी स्पष्ट दृष्टिकोणको अभाव रहँदै आएको छ । र बैदेशिक सहयोग र राष्ट्रिय स्वाधीनताको सवालमा राष्ट्रिय स्वाधीनताको प्रश्न गौण भएको यथार्थता हो । जे जसरी हुन्छ बैदेशिक सहयोग लिने प्रवृति हावी रहदै आएको छ ।

आजसम्मको इतिहासमा बैदेशिक सहयोग सैनिक गठबन्धनसँग सिधै जोडिएको एमसीसी पहिलो सहयोग हो । र यो नेपालबाट कम्युनिस्ट राजनीतिलाई तहसनहस पार्न ल्याएको स्पष्ट हुन्छ । किनभने एमसीसीको आर्थिक आधार नवउदारवादी अर्थतन्त्र हो । र यसको आधार समाजवादी नभई नीजीकरणलाई बलियो बनाउने लक्ष्य र उद्येश्य थियो । एमसीसी लाई कम्युनिस्टहरूले मार्क्सवादी कोणबाट हेरिनु पर्ने थियो तर यिनै नामधारी कम्युनिस्टहरूले संसदबाट यसलाई पास गरि दिएका छन् । एमसीसीको स्विकृति नेपालको राष्ट्रिय स्वाधिनताका लागि ठाडै चुनौती बनेर अगाडि आएको छ ।

सबै सम्झौता र दस्तवेजले अमेरिकी सैनिक गठबन्धनको अंग हो एमसीसी भनेको स्पष्ट छ । र त्यसमा आइपिएसको एउटा पार्टनरको रूपमा नेपाल बसेको छ र एमसीसीको २००४ को कागजातहरूले नै यसलाई अमेरिकाको क्षेत्रीय स्वार्थ (क्षएक् उबचतलभचकजष्ठ) र रणनीतिक सहयोग संगठनको अंग बताउँदा बताउँदै र अमेरिकी मन्त्रीले यो अनुदान होइन लगानी हो भन्दा भन्दै नेपाली काँग्रेस, एमाले, माके र अन्य संसदवादीहरूले अनुदान हो भनेर जनतामा भ्रम पार्ने प्रयास गरिरहेका छन् ।

यो परियोजनाको परिकल्पना नै अमेरिकी साम्राज्यवादमाथि २१औ सताब्दीमा आएको चुनौतीको सामाना कसरी गर्ने र निरन्तररूपमा अर्थिक, सामरिक लगायत सबै क्षेत्रमा अमेरिका पहिलो नै हुनु पर्ने र अमेरिका महाशक्ति नै रहिरहनु पर्ने भन्ने साम्राज्यवादी सोंच र मान्यतालाई लागु गर्ने भन्ने चिन्तनले ग्रस्त अमेरिकाका लागि त्यसको बुझाइमा चुनौती भनेको चीन नै हो । बाराक ओवामाले चीनसंग प्लनबनझभलतक नीति लिएका थिए । पछि ट्रम्पले चीन संगको मुठभेड (ऋयलाचयलतबतष्यल) को नीति लिएअनुसार अमेरिकी रक्षा मन्त्रालय पेन्टागन अन्तरगत रहने गरी एमसीसी ल्याइएको स्पष्ट छ । ।

भारतीय प्रतिक्रियावादी सत्ताको नेपाल र भुटाललाई यदी यिनीहरूले चुरफुरी देखाए युक्रैनको स्थितिमा पुर्याउने धम्कीको परिप्रेक्ष्यमा क्रान्तिकारी कम्युनिस्टहरूका लागि साम्राज्यवादी शक्तिहरूलाई रणनीतिक र कार्यनीतिक दुवै हिसावले परास्त गर्न जरुरी भएको र नेपालमा नयां जनवाद, र बैज्ञानिक समाजवादको तयारी पहिलेभन्दा अझ बढी आवश्यक भएको स्पिष्ट हुन्छ ।

अहिले एमसीसीका विरुद्ध जनतामा विद्रोहको ज्वाला उठेको छ, अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद बिरुद्ध नेपाली जनता उठ्नुपर्छ, जबसम्म नेपालमा संसदीय व्यवस्था रहिरहन्छ तबसम्म यस्तो समस्या आइरहन्छन् त्यसकारण जनवाद हुँदै वैज्ञानिक समाजवादको दिशामा देशलाई लैजानुको विकल्प छैन ।

संसदीय व्यवस्था नै सबै खरावीको जरो भएको र यो व्यवस्था दलालहरूको उत्पादन गर्ने कारखाना भएकोले यो कारखानालाई ध्वस्त पारी त्यसको स्थानमा नयाँ विकल्पको खोजीको आवश्यकता छ ।

यस्तै खरावीको जगमा महाकाली सन्धी र अन्य असमान सन्धी भएका छन् र वर्तमानको एमसीसी सम्झौता पनि सत्य हो । यसमा गरिएको राष्ट्रघातमा नेकपा(एमाले) र नेपाली काँग्रेसको भूमिका महाकाली सन्धी र अन्य असमान सन्धीमा उनीहरको भूमिकाभनदा कम न ।

*hukumsingh2012@yahoo.com*

## भारतीय...




चीनसँग क्रमश : नेपालको दक्षिण र उत्तरतिर सीमा जोडिएका छन् । नेपाल-भारतको १ हजार ८ सय ८० किलोमिटर क्षेत्रमा सीमा जोडिएको छ । नेपाल-चीनको १४ सय ३९ किलोमिटर सीमा जोडिएको छ । उत्तरतिर सिमाना जोडिएको छिमेकी देश चीनसँग सीमा विवादका खासै समस्या नदेखिएता पनि दक्षिणतिर सिमाना जोडिएको छिमेकी देश भारतसँगको सीमा विवाद को समस्या नेपालको निम्ति सधै टाउको दुखाइको विषय बनिरहेको छ ।

इतिहासलाई सरसर्ती हेर्दैगर्दा सन् १९५२ देखि नै भारतले नेपाली भूमि मिच्दै आयको देखिन्छ । मातृका प्रसाद कोइराला प्रधानमन्त्री हुँदा नेपालको उत्तरी सिमानामा भारतले १७ वटा चेकपोस्ट राखेको र पछि कृतिनिधि बिष्ट प्रधानमन्त्री हुँदा त्यसलाई हटाएको देखिन्छ । ती चेकपोस्टहरूमध्ये अरु सबै भारततिर नै फिर्ता गएको तर टिंकरमा रहेको एउटा चेक पोस्ट कालापानीमा आएर बसेको भन्ने बुझिन्छ । जानकारहरू भन्छन् त्यही कालापानीको चेक पोस्ट नै १९६२ को भारत-चीन युद्धपश्चात भारतीय सेनाको नियमित र ब्यबस्थित ब्यारेक बन्यो । यसरी लिम्पियाधुरादेखि कालापानी हुदै लिपुलेकसम्मको मात्र ३६ हजार हेक्टर (३७२ बर्ग कि.मी. अर्थात ७ लाख ४४ हजार रोपनी) नेपाली भूभाग भारतले अतिक्रमण गरेकोछ । जनगणना, तिरो तिरान, लालमोहर, पत्राचारहरूको प्रमाणको आधारमा लिम्पियाधुरा पूर्वका पाँच गाउँहरू (कुटी, नाबी, गुन्जी, टिंकर र छाङ्गरु गाउँहरू) उहिले नेपालमा थिए तर अहिले भारतका बनेको छ । अहिले ती गाउँहरूमा प्रवेश गर्न भारतीय भिसा आवश्यकताको व्यवस्था गरिएको छ ।

सुगौली सन्धिले निश्चित गरे अनुसार तत्कालीन नेपालको बिशाल भूभाग (ब्रिटिश ईस्ट ईन्डिया सरकार) भारतले लिएवापत भारतले नेपाललाई वार्षिक २ लाख रूपैयाँ बुझाउनु पर्दथ्यो । तर सुगौली सन्धिको ९ महिना पछि ११ डिसेम्वर १८१७ मा उक्त २ लाख रूपैया नदिने त्यसको बदलामा भारतले नेपाललाई कोशीदेखि राप्ति सम्मको समथर भाग फिर्ता दिने सहमति भयो (नेपालको सिमाना - पृष्ठ २९६, बुद्धिनारायण श्रेष्ठ) । त्यो सहमति अनुसारको सीमारेखा भित्र सुस्ता क्षेत्र पनि पर्न आयो । उक्त सहमतिमा नारायणी नदीलाई सिमाना मानेर नदीको पश्चिमतिरको भूभाग नेपाल र पुर्वतिरको भूभाग भारतमा पर्ने भयो । बिडम्बना वेला वेलामा आउने बाढीको कारण हुने नदीको धार परिवर्तन सुस्ताका नेपालीको सास्ती बनिरहेको छ । प्रत्यक पटक नारायणी नदीले पश्चिम तिरको भाग काटी नया धार निर्माण गर्दा नेपालको जमिन भारत तिर पर्दै गएको देखिन्छ ।

सिमाविद् बुद्धिनारायण श्रेष्ठका अनुसार संवत १९०२ मा नारायणी नदीले एकाएक नेपालको जमिन काटेर नदि पश्चिम तिर स-यो । त्यस्तै २०११ साउनमा आएको भीषण बाढीले एकै पटक नदी पश्चिमतिर सरेर १८०० बिगाह (करिव २५,००० रोपनी) जमिन कटान गऱ्यो । २०३७ मा आएको ठूलो बाढीले नेपाली भूभाग १५० बिगाह कटान गऱ्यो (नेपालको सिमाना पृष्ठ २९७) । जति पटक नदीको बहाव परिवर्तन भएर नयाँ ठाउमा पुग्यो त्यति नै पटक नयाँ सीमारेखा तय गरियो । त्यसको कारण त्यस क्षेत्रका नेपालीले हजारौ रोपनी आफ्ना उब्जाउ जमिन भारतीयलाई छोड्नु पऱ्यो ।

स्थिर या तरल कुन चाहि सीमा सिद्धान्त मान्ने बिषयमा सुस्ता क्षेत्रका नेपाली र भारतीयहरूको विचमा सदैव बिबाद रहँदै आएको छ । नेपाल र भारतबीचको सीमा रेखा तत्कालीन नेपाल सरकार र ब्रिटिश भारत सरकाले सम्झौता गर्दाको नारायणी नदीको धारलाई नै आधार मानिनुपर्दछ । नदीले पटक पटक बनाउने नयाँ धारलाई दुई देशको सिमाना बनाईनु हुदैन अर्थात स्थिर सीमा सिद्धान्त अवलम्वन गर्नुपर्दछ भन्ने नेपालीहरूको भनाइ छ । त्यसको विपरित भारतीयहरू प्रत्येकपटक बन्ने नदीको नयाँ धारलाई नै नयाँ सीमारेखा मान्नु पर्ने अर्थात तरल सीमा सिद्धान्तको जिकिर गर्दै प्रत्यक पटक नेपाली भूभाग अतिक्रमण गर्दै आएका छन् । स्मरणीय कुरा के छ भने त्यहाँको भौगोलिक कारण सुस्तामा नारायणी नदीले कहिल्यै पूर्वतिर कटान गर्दैन सधै पश्चिमतिर नै कटान गर्दछ ।

नेपाल र भारतबीच गठन भएको 'संयुक्त प्राविधिक सिमा समिति' को बैठकले १९८८ सेप्टेम्वर ६-१० मा नदी सिमानामा स्थिर प्रकारको सिमा सिद्दान्त अवलम्बन गर्ने भन्ने बिषयमा स्पस्ट संग निर्णय गरेको देखिन्छ । नेपालको तर्फबाट यो निर्णयलाई पालना गरेतापनि भारतीय पक्ष वाट यसको आफ्नो स्वार्थ अनुरूप प्रयोग गरेको पाइन्छ । भारतले मेची नदी क्षेत्रमा स्थिर सिमा सिद्धान्त लागु गरेर हजारौ हेक्टर नेपाली जमिन आफ्नो तर्फ पारेको छ तर आफ्नो प्रतिकुल हुनेभएको कारण यही सिद्धान्त उसले सुस्तामा मानिरहेको छैन ।

कान्तिपुर दैनिक १५ माघ ०७८ अनुसार अस्ति भर्खर ०७६ माघमा गरिएको नयाँ सिमाङ्कन अनुसार धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकाको चोरापाखर जमुनी नदी किनारको फुलहर घाटमा नयाँ सीमास्तम्भ राखिएपछि यहाँका ६० नेपाली परिवारको ५० बिघाभन्दा बढी खेत भारततर्फ परेको छ । नदी बहावले क्षेत्र परिवर्तन गरेपछि राखिएको नयाँ सीमास्तम्भ ६० मिटरभन्दा बढी नेपालतर्फ च्यापिएको छ । पाँच पुस्तादेखि भोगचलन गर्दै आएका गाउँलेको खेत भारततर्फ गएपछि ६० मध्ये २६ परिवारले खेतीयोग्य जमिन पूर्ण रूपले गुमाएका छन् । उनीहरूको हातमा लालपुर्जा छ , नेपाल सरकार संग तिरो तिरान गरिरहेका छन तर जमिन साथमा छैन ।

उल्लेखित विवरणहरू केवल प्रतिनिधि विवरण् मात्र हुन् यसरी नै कैयौ ठाउमा नेपालको भूभागहरू भारत द्वारा अतिक्रमित भएकाछन । नेपाल-भारतका सिमा जोडीयका २६ जिल्ला मध्य २१ जिल्लामा सिमा विवाद छन । २१ जिल्लाका ७१ ठाउमा भारतले सिमा मिचेको पुस्टि भएकाछन । यी २१ जिल्लामा जम्माजम्मी ६० हजार हेक्टर नेपाली भूभाग भारतले जवर्जस्त अतिक्रमण गरेको कुरा तथ्यहरूले देखाउदै आएकाछन ।

भारतको सिमाना चीन,पाकिस्तान,बंगलादेश ,श्रीलंका ,भुटान आदि देशहरू संग पनि जोडीयका छन । अवस्य ति देशहरू संग पनि भारतका सिमा समस्याहरू छन तर अलि फरक प्रकृतिका । छिमेकी लाई हेर्ने भारतीय शासक वर्गको दृस्टीकोण सवैतिर एउतै अर्थात हेपाहा प्रकारको भएतापनि उसको त्यसप्रकारको *बाँकी ५ पेजमा*

# नाङ्गिएको संसदीय व्यवस्था र निर्वाचन बहिष्कार



● हस्तबहादुर केसी ●

**'संसद भनेको बुर्जुवाहरूको गफ गर्ने थलो हो ।'**

***- कार्ल मार्क्स***

**'संसदीय व्यवस्था खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने पसल हो'**

***- माओ त्सेतुङ***

संसदीय व्यवस्था बुर्जुवा पुँजीपतिवर्गको शासन प्रणालीको नाम हो । आज साम्राज्यवादमा गिर्न पुगेको पुँजीवाद र त्यसको राजनीतिक प्रतिनिधित्व गर्ने पुँजीपति वर्गले आफ्नो शासन प्रणालीको रूपमा प्रयोग गर्दै आएको छ ।

मानव समाजको विकासको क्रममा आदिम साम्यवादको विघटन पश्चात् जन्मिएको दास युग अर्थात् दासकालिन समाज व्यवस्थाको अन्त्य पछि स्थापित हुन पुगेको सामन्तवादी राज्यव्यवस्था विश्व मानव समाजमा लामो समयसम्म कायम रहेको इतिहास छ ।

सन १७८९ को फ्रान्सेली राज्यक्रान्तिले पहिलोपटक सामन्तवादी राज्यव्यवस्थाको अन्त्य गरेर पुँजीवादी राज्यव्यवस्थाको जग बसाल्यो । त्यस दिनदेखि पुँजीपतिवर्गले आफ्नो शासन प्रणालीको पनि जग हाल्यो । त्यसयता साम्राज्यवादमा गरिरहेको पुँजीवादले आफ्नो शासन प्रणालीका रूपमा प्रयोग गर्दै आएको छ ।

शुरुमा सामन्तवादी राज्यव्यवस्था भन्दा संसदीय पुँजीवादी राज्यव्यवस्थालाई एक कदम अगाडिको प्रगतिशील व्यवस्था मानिएको थियो । तर पछि स्वतन्त्र पुँजीवादी राज्यव्यवस्था एकाधिकारी पुँजीवादी व्यवस्थामा बदलिए पछि यो व्यवस्था आम जनताको शासक र शोषक वर्गको सबैभन्दा प्रतिक्रियावादी शासन व्यवस्था बन्न पुग्यो ।

संसदीय शासन प्रणालीको दार्शनिक आधार 'बहुलवाद' हो । यसलाई बहुदलीय संसदीय व्यवस्था पनि भनिन्छ । यस व्यवस्थाका मुख्य विशेषताहरूमा -आवधिक निर्वाचन प्रणाली, बहुमतको सरकार, अल्पमतको प्रतिपक्ष, कानुनको शासन, लोकतन्त्र, प्रजातन्त्र, मानवाधिकारको प्रत्याभूति आदि रहेका छन् ।

खासमा पुँजीवादी संसदीय व्यवस्था फटाह, ढाँट, जाली, झेली, सिल्ली, अनैतिक, भ्रष्टाचारी, लुटाह, गुण्डा, चोर, डाँका, बलत्कारी, हत्यारा, अपराधी, तस्कर, कमिशनखोर, नाफाखोर, कालाबजारीया, शैक्षिक माफिया, स्वास्थ्य माफिया, भूमाफिया, मानवतस्कर, नदी - नालाहरू बेचुवा, देश बेचुवा आदिहरूको व्यवस्था हो, यो जनताको व्यवस्था होइन । देशघाति र जनघातिहरूको व्यवस्था हो ।

त्यसो भएर नै विश्व सर्वहारा वर्गको मुक्ति सिद्धान्त अर्थात् वर्गविहीन, पार्टी बिहिन, राज्यबिहिन, सिमाबिहिन समानतामूलक तथा मान्छेले मान्छेमाथि गरिने सबै खाले शोषण, उत्पीडन नरहेको अत्यन्तै सुन्दर मानव समाज निर्माण गर्ने वैज्ञानिक साम्यवादका सिध्दान्तकार तथा दार्शनिक कार्ल मार्क्सले 'संसदीय व्यवस्था भनेको बुर्जुवाहरूको गफ गर्ने थलो हो ।' भन्नुभएको छ, आज मार्क्सको भनाई व्यवहार मै पुष्टि भइसकेको छ ।

त्यस्तै सर्वहारा वर्गका महान् नेता तथा चिनिया कम्युनिस्ट पार्टीका शिक्षाध्यक्ष कमरेड माओ त्सेतुङले भन्नुभएको 'संसद भनेको खसीको टाउको झुन्ड्यार कुकुरको मासु बेच्ने पसल हो ।' भन्ने कुरा पनि आज व्यवहार मै पुष्टि भइसकेको छ । उदाहरणका रूपमा आज नेपालका संसदवादीहरू र उनीहरूको संसदीय व्यवस्था 'बाहिर खसीको टाउको झुन्ड्याएर भित्रबाट कुकुरको मासु बेच्ने पस'का रूपमा बदलिएको पुष्टि भइसकेको छ । यसको पछिल्लो उदाहरण ँ नेपालको संसदबाट राष्ट्रघाति एमसीसी संझौता ँ पारित गरिएको परिघटना हो ।

नेपालका संसदीय पार्टीहरू -नेपाली काँग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) नेकपा (एकीकृत समाजवादी) जसपा, लोसपा आदि संसदीय राजनीतिक पार्टीहरू र ती पार्टीहरूका संसदीय नेताहरू आज मार्क्स भने झै विविध प्रकारका गफ गरेर नेपाली जनताको आँखामा छारो छर्ने र कमरेड माओले भन्नू भए झै बाहिर खसीको टाउको झुन्ड्याएर भित्रबाट कुहिएको कुकुरको मासु बेच्ने ठग व्यापारी, ज्यान मारा व्यापारीका रूपमा दिनको घाम झै छर्लङ्ग भइसकेका छन् ।

राजनीतिक शब्दमा संसदीय पुँजीवादी व्यवस्था भनेको एउटा हातमा प्रजातन्त्र, लोकतन्त्र, सुशासन, मानवअधिकारको प्रत्याभूतिको झण्डा बोक्ने र अर्को हातमा बन्दुक बोकेर जनतामाथि तानाशाही तथा फासीवादी शासन व्यवस्था लाद्ने व्यवस्था हो भन्ने कुरा पनि पुष्टि भइसकेको छ । यस विषयमा नेपाली जनता अनभिज्ञ छैनन् नै ।

यो भयो कुहिएको सढे- गलेको र आम जनताबाट नाङ्गिएको संसदीय व्यवस्था के हो ? यसको चरित्र र विशेषताहरू के के हुन् ? आदि बारेमा चर्चा गरियो ।

अब नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) आगामी २०७९ बैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनलाई 'सक्रिय बहिष्कार गर्ने' भन्ने घोषणाका बारेमा चर्चा गर्न, छलफल गर्न र बहस गर्न जरुरी छ ।

यतिबेला नेपालका संसदीय पार्टीहरू- जो सत्तापक्ष र प्रतिपक्षमा रहेका छन्, उनीहरूले आगामी २०७९ बैशाख ३० गते सम्पन्न गरिने भनिएको स्थानीय तहको निर्वाचनका बारेमा व्यापक रूपमा हल्ला खल्ला मच्चाइरहेका छन् । प्रचारप्रसारको कामलाई व्यापक बनाइरहेका छन् । बिग हाउसका ठूला मिडियाहरूदेखि लिएर तलका रेडियो, अनलाइन मिडिया, पत्र पत्रिकाहरू र सामाजिक सञ्जालहरू ती संसदीय पार्टीहरूको स्थानीय तहको निर्वाचनका समाचारहरूले भरिने गरेका छन् ।

आज संसदवादी भ्रष्ट नेता कार्यकर्ताहरू होली खेले झै गरि व्यापक प्रचारप्रसारमा लागिरहेका छन् । मानौं आज उनीहरूका बीचमा दशैं - तिहार आइसकेको छ । उनीहरूको निर्वाचन आयोगले पनि बढो तमासाका तयारी गरिरहेको नाटक गरिरहेको छ र सरकारसंग अरबौं रकम माग गरिरहेको छ । लाखभन्दा बढी सशस्त्र र जनपद प्रहरी हुँदाहुँदै पनि एक लाखको संख्यामा म्यादी प्रहरी भर्ती गर्न विज्ञापन खोलीसकेको छ । निर्वाचन आयोग र भ्रष्ट कर्मचारीतन्त्र यही मौकामा करोडौं पैसा कमाउने दाउमा र्याल काढ्दै हिडेका छन् ।

यस्तो अवस्थामा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले उक्त स्थानीय तहको निर्वाचनलाई सक्रिय रूपमा बहिष्कार गर्ने घोषणा गर्दै हिंडेको छ त ? आज यो विषय सबैका लागि ज्यादै चासो र जिज्ञासाको विषय बन्न पुगेको छ । यस विषयमा स्पष्ट हुन जरुरी छ । र, यो लेखमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले किन आसन्न स्थानीय तहको निर्वाचन बहिष्कार गर्ने निर्णयमा पुग्यो त ? भन्ने विषयमा स्पष्ट पार्ने प्रयत्न गरिएको छ । किनभने क्रान्तिकारी माओवादीले स्थानीय तहको निर्वाचन बहिष्कार गर्ने भन्ने विषय दार्शनिक, सैद्धान्तिक, वैचारिक, राजनीतिक तथा व्यवहारिक विषय हो । त्यसैले यसलाई गंभिर्ताका साथ बुझ्न जरुरी छ ।

**नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले उक्त स्थानीय तहको निर्वाचनलाई सक्रिय रूपमा बहिष्कार गर्ने घोषणा गर्दै हिंडेको छ त ? आज यो विषय सबैका लागि ज्यादै चासो र जिज्ञासाको विषय बन्न पुगेको छ । यस विषयमा स्पष्ट हुन जरुरी छ । र, यो लेखमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले किन आसन्न स्थानीय तहको निर्वाचन बहिष्कार गर्ने निर्णयमा पुग्यो त ? भन्ने विषयमा स्पष्ट पार्ने प्रयत्न गरिएको छ । किनभने क्रान्तिकारी माओवादीले स्थानीय तहको निर्वाचन बहिष्कार गर्ने भन्ने विषय दार्शनिक, सैध्दान्तिक, वैचारिक, राजनीतिक तथा व्यवहारिक विषय हो । त्यसैले यसलाई गंभिर्ताका साथ बुझ्न जरुरी छ ।**

* * *

**सशस्त्र जनयुद्धरत तत्काल नेपाल कम्युनिस्ट पार्टी (माओवादी) २०५१ साल र २०५६ सालको संसदीय निर्वाचन बहिष्कार गरेको थियो भने २०६४ साल चैत २८ गते सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा भाग लिएको थियो ।**

पहिलो कुरा त नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) कस्तो खालको कम्युनिस्ट पार्टी हो ? भन्ने कुरा आउँछ । किनभने नेपालका अरु सबै पार्टीहरूलाई स्थानीय तहको निर्वाचन दशैं-तिहार लागिसकेको छ र व्यापक रूपमा प्रचारप्रसारको कार्यमा लागि परेका छन् भने यो पार्टी चाहिँ बहिष्कारमा उत्रिएको छ । कस्तो उल्टो पार्टी हो ? भन्ने प्रश्न गरिरहेका छन् भने केपी ओली र उनले नेतृत्व गरेको एमाले, काँग्रेस, माके लगायतका दलाल संसदीय पार्टी र तिनका भ्रष्ट नेताहरूले जनसमर्थन नभए पछि क्रान्तिकारी माओवादीले निर्वाचन बहिष्कार नगरेर के गरोस् त नि ! भनिरहेका छन् ।

वास्तविकता के हो भने नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) नामको कम्युनिस्ट पार्टी उनीहरू जस्तो विदेशीहरूको दलाल पार्टी पनि होइन । उनीहरू जस्तो भ्रष्टाचारीको पार्टी पनि होइन । उनीहरू जस्तो देश बेचुवाहरूको पार्टी होइन । यो पार्टी त नेपाली सर्वहारा वर्गको राजनीतिक संगठित अग्रदस्ता हो । यो क्रान्तिकारी माओवादी पार्टी त महान् नेपाली नयाँ जनवादी क्रान्तिको ऐतिहासिक कार्यभार पुरा गरेर नेपालमा जनताको जनवादी अधिनायकत्व सहितको नयाँ जनगणतन्त्रात्मक व्यवस्था स्थापना गरेर वैज्ञानिक समाजवादी राज्यसत्ता स्थापना गरेर नेपाली जनतालाई, नेपाली समाजलाई वर्गविहीन, पार्टीविहीन, राज्यविहीन, सिमाविहीन, मान्छेले मान्छेमाथि गरिने सबै खाले शोषण, उत्पीडन, शासनबिनाको सुन्दर वैज्ञानिक साम्यवादी व्यवस्थासम्म पुऱ्याउने ऐतिहासिक कार्यभार पुरा गर्ने दृढ प्रतिबध्दताका साथ संगठित नेपाली सर्वहारा वर्गको राजनीतिक अग्रदस्ता हो ।

क्रान्तिकारी माओवादी पार्टी त साम्राज्यवाद र दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्तवादका यी दुई अजंगका पहाडहरू भत्काएर माथि नै उल्लेख गरिएको जनगणतनणत्र, वैज्ञानिक समाजवाद हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्ने पार्टी हो । नेपाली नयाँ लेन्डुप दोर्जेहरूलाई नेपाली माटोमा पुरेर नेपाल राष्ट्रलाई मुक्ति दिलाउने र नेपाली जनतालाई मुक्ति दिलाउने ऐतिहासिक कार्यभार बोकेको पार्टी हो ।

क्रान्तिकारी माओवादी कम्युनिस्ट पार्टी नेपालका र संसारमै रहेका कम्युनिस्ट पार्टीको लाल झण्डा फहराँदै जनतालाई झुक्याएर ठग्दै हिड्ने नक्कली कम्युनिस्ट पार्टी होइन, सच्चा क्रान्तिकारी कम्युनिस्ट पार्टी हो, मार्क्सवाद - लेनिनवाद - माओवादको वैचारिक धरालाबाट जन्मिएको पार्टी र संसदीय भाषमा डुबेर नेपाली जनतालाई ठग्ने र नेपाल राष्ट्र र नेपाली जनताप्रति गध्दारी गर्ने कम्युनिस्ट पार्टी होइन ।

दोस्रो महत्वपूर्ण कुरा अब क्रान्तिकारी माओवादीले किन आसन्न स्थानीय तहको निर्वाचन बहिष्कार गर्यो त ? भन्ने विषयमा प्रवेश गरौं र त्यस विषयमा व्यापाक छलफल र बहस गरौं ।

यही २०७८ साल चैत महिनाको अन्त्य तिर सप्ताहव्यापी रूपमा बसेको केन्द्रीय समितिको पूर्ण बैठकले नेपालमा नाङ्गिदै गएको संसदीय व्यवस्थाको स्थानीय तहको निर्वाचन सक्रिय रूपमा बहिष्कार गर्ने ऐतिहासिक निर्णय गर्यो र महासचिव कमरेड मोहन वैद्य 'किरण'द्वारा जारी गरिएको प्रेस वक्तव्यबाट उक्ति निर्वाचन बहिष्कार गर्नुका कारणहरू सहित समाचार प्रकाशित भए पश्चात् व्यापक चर्चा परिचर्चा, बहस खडा भएको छ । यसले नेपालको वर्तमान राजनीतिक धरातलमा हल्ला खल्ला मच्चिएको छ । बहस र विरोध सँगसँगै उजागर भइरहेको छ । संसदवादी दलालहरूका कान ठाडा हुन पुगेका छन् ।

क्रान्तिकारी माओवादी कम्युनिस्ट पार्टीले किन आसन्न स्थानीय तहको निर्वाचन बहिष्कार गर्यो त ? उसकै निर्णय र शब्दमा हेरौं :- 'हाम्रो पार्टीले संसदीय निर्वाचन सम्बन्धि प्रश्नलाई सिध्दान्त होइन कार्यनीतिको प्रश्नका रूपमा लिदै आएको छ । त्यसैले सम्बन्धित राजनीतिक परिस्थितिको ठोस अध्ययन गरि संसदीय निर्वाचनको उपयोग वा बहिष्कार गर्न सकिन्छ । अहिलेको स्थानीय निर्वाचनबारे पार्टीको धारणा यसप्रकार रहेको छ-

(१) प्रतिक्रियावादी, अवसरवादी तथा भ्रष्ट तत्वहरूद्वारा पैसाको खोलो बगाउने भएको,

(२) चरम रूपमा साधन श्रोतको दुरूपयोग तथा शक्ति प्रदर्शन गर्ने देखिएको,

(३) स्वच्छ तथा निष्पक्ष निर्वाचनको कुनै संभावना नरहेको,

(४) प्रतिक्रियावादी राज्यसत्ताका तीनवटै अंग असफल सावित हुँदै गए पनि नोकरशाही राज्य संयन्त्रको बलमा यो सत्ता तथा व्यवस्था टिक्न पुगेको,

(५) अहिले संसदमा राष्ट्रघाति एमसीसी संझौता अनुमोदन गर्ने काममा नेपाली काँग्रेसका साथै कम्युनिस्ट नामधारी माके, एकीकृत समाजवादी, एमाले लगायतका राजनीतिक दलहरूद्वारा अमेरिकी साम्राज्यवादको चरम दलाली तथा राष्ट्रिय गध्दारी गरिएको स्थितिमा तिनको अझै भण्डाफोर गर्न अति जरुरी भएको,

(६) निर्वाचन उपयोगको प्रश्न हरेक दृष्टिले सार्थक बन्ने सम्भावना नरहेको,

(७) पार्टीको क्रान्तिकारी छवि उपयोग होइन बहिष्कारद्वारा नै समुज्ज्वल हुने देखिएकोले

अहिलेसम्मको स्थानीय निर्वाचन सक्रिय बहिष्कार गर्नुपर्छ । बहिष्कारको नीतिलाई विभिन्न कार्यक्रम बनाई आन्दोलनका रूपमा प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्छ ।'

माथि उल्लेख गरिएका क्रान्तिकारी माओवादी पार्टीको निर्णयले सबैलाई प्रष्ट भयो कि किन क्रान्तिकारी माओवादी कम्युनिस्ट पार्टीले अहिलेसम्मको स्थानीय निर्वाचन बहिष्कार गरेको रहेछ भनेर ।

यसका साथै यो विषयमा पनि सबै स्पष्ट हुन जरुरी छ कि क्रान्तिकारी माओवादी कम्युनिस्ट पार्टीले दुई महिने निर्वाचन बहिष्कार कार्यक्रमलाई ठोस गरी सशक्त ढंगले कार्यान्वयन गर्नका लागि संसदीय व्यवस्थाको व्यापक रूपमा भण्डाफोर गर्ने, नेपालमा मात्र सिमित होइन अन्तर्राष्ट्रिय स्तरमै नेपालको संसदीय, नेपालका संसदीय राजनीतिक दलहरू र तिनका भ्रष्ट तथा देश बेचुवा नेताहरूको भण्डाफोर गर्ने र अन्तर्राष्ट्रिय जगतमै नङ्ग्याई दिने निर्णय समेत गरेर दुई महिने 'संसदीय व्यवस्थाको भण्डाफोर गर्ने' कार्यक्रमसमेत सार्वजनिक गरिसकेको छ ।

क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले क्रान्तिको हितमा र क्रान्तिको तयारीका निम्ति संसदीय निर्वाचनलाई उपयोग पनि गर्न सक्छन्, बहिष्कार पनि गर्न सक्छन् । रुसमा लेनिनले महान् अक्टोबर समाजवादी क्रान्तिको तयारीको पूर्वबेला अर्थात् सन १९०५ र १९१४ मा दुई पटकसम्म रुसी ड्यूमा (संसद) को उपयोग पनि गर्नुभएको थियो र पछि सन १९१७ अक्टोबर २५ (रुसी नयाँ क्यालेन्डर अनुसार नोभेम्बर ७) का दिन सशस्त्र जनविद्रोहद्वारा क्रान्ति सम्पन्न गरेर विश्व मै पहिलोपटक सर्वहारा वर्गको अधिनायकत्व स्थापना गर्नु भै विश्व भरका मुक्तिकामी जनसमुदाय र उत्पीडित राष्ट्रहरूलाई नयाँ शिक्षा प्रदान गर्नु भएको थियो ।

नेपालमा पनि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एकता केन्द्र)ले २०४८ सालको संसदीय निर्वाचनलाई संयुक्त जनमोर्चा, नेपालको माध्यमबाट उपयोग गरेको थियो । पछि त्यस उपयोग २०५२ साल फागुन १ गतेदेखि तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सशस्त्र जनयुद्ध थालनी गर्ने आधार तयार गर्न महत्वपूर्ण सहयोग पुगेको थियो ।

सशस्त्र जनयुद्धरत तत्काल नेपाल कम्युनिस्ट पार्टी (माओवादी) २०५१ साल र २०५६ सालको संसदीय निर्वाचन बहिष्कार गरेको थियो भने २०६४ साल चैत २८ गते सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा भाग लिएको थियो ।

त्यस्तै २०७० सालको दोस्रो संविधानसभाको निर्वाचनलाई तत्कालीन नेपाल कम्युनिस्ट पार्टी - माओवादीले बहिष्कार गरेको थियो भने पछि नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) २०७३ सालको स्थानीय तहको निर्वाचन र २०७४ सालको संसदीय निर्वाचनलाई उपयोग गरेको थियो ।

यसरी नेपाल पनि क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले महान् नेपाली नयाँ जनवादी क्रान्तिको तयारी गर्ने क्रममा स्थानीय व्यवस्थाको विभिन्न तहको निर्वाचनहरू उपयोग गरेको इतिहास पनि छ, बहिष्कार गरेको इतिहास पनि छ । यो नै सबैभन्दा ठूलो शिक्षा हो ।

आसन्न स्थानीय तहको निर्वाचन बहिष्कार अभियानका क्रममा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) पार्टीले नेपालको संसदीय व्यवस्थाका विरुद्धमा इतिहासमै सबैभन्दा बढी भण्डाफोर गरेर नेपाली जनताका बीचमा, नेपाली समाजका बीचमा नङ्ग्याउने योजना बनाएको बुझिएको छ ।

उसले निर्वाचनको बहिष्कार अन्तर्गत संसदीय व्यवस्थाको भण्डाफोर गर्ने र नङ्ग्याउने क्रममा यस देशका भ्रष्ट संसदीय नेता र उनीहरूका विभिन्न तहका भ्रष्ट कार्यकर्ता व्यक्तिहरू रेकर्ड संकलन गर्ने, आजसम्मका सम्पूर्ण भ्रष्टहरूको सत्ता र पहुँचका आधारमा राज्यको ढुकुटीमाथि ब्रह्मलुट मच्चाउने, जनताको साझा सम्पत्तिमाथि लखनउ लुट मच्चाउने संसदीय नेता र व्यक्तिहरूको रेकर्ड संकलन गर्ने, सत्ताको आडमा अकूत सम्पत्ति आर्जन गरेका भ्रष्टहरूको रेकर्ड संकलन गरेर देशव्यापी रूपमा नाङ्गेझार पार्ने र नेपाली जनताका बीचमा उभ्याउने, गाउँ गाउँमा, शहरका गल्ली गल्लीहरूमा, टोल टोलमा र घर घरमा पुगर नेपालको संसदीय व्यवस्थाको विसंगति र विकृतिका विरुद्धमा भण्डाफोर गर्ने र भ्रष्ट संसदीय व्यक्ति र नेताहरूको भण्डाफोर गर्ने र जनताको बीचमा इतिहासमै पहिलोपटक नङ्ग्याउनका लागि आमसभा, कोणसभा, विरोधिसभा, पर्चा पम्पिलेट, अन्तरर्किया‌का माध्यमबाट गरिने कार्यक्रम रहेको जनाएको छ ।

यसले महान् नेपाली नयाँ जनवादी क्रान्तिको तयारी गर्ने काममा महत्वपूर्ण सहयोग पुग्ने आशा गरिएको पाइएको छ ।

किनभने नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले सशस्त्र जनविद्रोहको कार्यदिशा ठोस गरेर आएको छ । यसको सफल कार्यान्वयनका लागि आम नेपाली जनतालाई जागरुक र सचेत गराउनुपर्ने, संगठित गर्ने काम अत्यन्तै महत्वपूर्ण कार्य भएकोले यसपटक उसले गर्ने आसन्न स्थानीय तहको निर्वाचन बहिष्कार नीतिले आम जनताका बीचमा पार्टीको सशस्त्र जनविद्रोहको कार्यदिशा पुर्याउने प्रष्ट पार्ने मौका र अवसरको लिने भएको छ । महान् नेपाली क्रान्तिको महाअभियानमा उसको आसन स्थानीय तहको निर्वाचन बहिष्कार नीति महान् नेपाली नयाँ जनवादी क्रान्तिको ऐतिहासिक कार्यभार पुरा गर्ने बाटोमा कोसेढुङ्गा सावित हुने निश्चित छ ।

यसका निम्ति आम पार्टीपंक्तिले अनुशासित, एकताबद्ध र लडाकु कार्यशैली अप्नाउन जरुरी छ ।

*(केसी मार्क्सवादी लेखक तथा राजनीतिक विश्लेषक हुन ।)*

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# एमसीसीका विरुद्ध क्रान्तिकारी किसान संगठनहरूको विरोध जुलुससहित सभा



काठमाडौं। नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) सहित ६ पार्टी सम्बद्ध किसान संगठनहरूले एमसीसीको खारेजीका साथै किसानका समस्याहरूलाई लिएर विरोध प्रदर्शन र सभाको आयोजना गरेका छन्।

अनेकिमहासंघ (क्रान्तिकारी)का अध्यक्ष सिताराम तामाङका अनुसार चैत २ गते रत्नपार्क शान्तिबाटिकामा विरोध ऱ्यालीसहितको सभाको आयोजना गरिएको छ। कार्यक्रम दिउसो २ बजेबाट सुरु हुने बताइएको छ। विरोधसभालाई ६ वटा किसान संगठनका नेताहरूले सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

एमसीसी सम्झौता खारेजीका लागि संघर्षरत ६ पार्टी र २ मोर्चाको पूर्व घोषित संयुक्त संघर्षका कार्यक्रम अन्तर्गत किसान संगठनहरूको संयुक्त आयोजनामा विरोध ऱ्याली र सभाको आयोजना गरिएको हो। सार्वजनिक जग्गा हडप्ने भूमाफियाहरूलाई किसान महासङ्घले कारबाही गर्ने

त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध किसान सङ्गठन अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी)को केन्द्रीय समितिको बैठक सम्पन्न भएको छ। यही फागुन ३० र चैत १ गते दुइ दिनसम्म काठमाडौंमा बसेको बैठकले सरकारी जमिन हडपेर दलाली गरिरहेका भूमाफियाहरूलाई कारबाही गर्ने निर्णय सहित विभिन्न निर्णयहरू गर्दै बैठक सम्पन्न भएको सो सङ्गठनका महासचिव धनेश्वर पोखरेलले बताएका छन्।

बैठकले नेपालका विभिन्न क्षेत्रमा क्रियाशील किसानहरूका जल्दाबल्दा समस्याहरूलाई लिएर गरिँदै आएका आन्दोलनहरूलाई राष्ट्रिय मुक्ति आन्दोलनसँग जोडेर आगामि दिनमा त्यसलाइ चरणवद्ध रूपमा सशक्त ढङ्गबाट सञ्चालन गर्ने निर्णय गरेको महासचिव पोखरेल बताए। यसैबिच किसान महासङ्घका बिभिन्न आङ्गिक सङ्गठनहरू निर्माण गर्ने पनि जनाइएको छ। त्यसका लागि महासङ्घका केन्द्रीय सदस्यहरूलाई संयोजक तोकिएको छ। जसमा 'पशुपालन, मासु तथा दूध्द व्यवसाय सङ्घ' मा बाबुराम सुवेदी, 'तरकारी तथा फलफूल व्यवसायी सङ्घ'मा तिलक बराल, 'माछा पालन व्यवसायी सङ्घ' मा गङ्गादेवी राई, 'कुखुरा पंछी पालनव्यवसायी सङ्घ' का लागि प्रकाशबाबु खनाल र 'माहुरी पालन व्यवसाय' मा नन्दराम रोकायलाई संयोजक तोकिएको छ।

त्यसैगरी बैठकले आगामि वर्षको भित्तेपात्रो तथा मुखपत्र प्रकाशन गर्ने, सङ्गठनमा राजनीतिक वैचारिक प्रशिक्षणहरू सञ्चालन गर्ने, किसानका समस्या र आन्दोलनका बारेमा देशव्यापि अन्तरक्रिया, छलफल, आन्तरिक प्रशिक्षण चलाउने निर्णय गरिएको महासचिव पोखरेलले बताए। महासङ्घका अध्यक्ष सीताराम तामाङले बैठकमा केन्द्रीय सदस्यहरूले उठाएका विभिन्न समस्याहरूबारे वैचारिक धारणा राख्दै बैठकको समापन गरेका थिए।

Newa National Liberation Front, Nepal

केन्द्रीय समिति

पौ ल्याः	न्हिल्याः

**विषय : प्रेस विज्ञप्ती**

हाम्रो गौरवशाली मोर्चा, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाःको ११४२ चिल्लाथ्वः पुर्णिमा (०७८ चैत्र ४ गते) केन्द्रीय समितिको पूर्ण बैठक मोर्चाका अध्यक्ष कमरेड पवनमान श्रेष्ठको अध्यक्षतामा बसी लिइएका महत्वपूर्ण निर्णयहरूको सार्वजनिक जानकारीका लागि यो प्रेस विज्ञप्ती जारी गरिएको छ।

१. सर्वप्रथम वर्गीय तथा जातीय मुक्ति आन्दोलनका क्रममा आफ्नो प्राणको आहुति दिनुहुने महान् शहिदहरूलाई १ मिनेट भावपूर्ण श्रद्धान्जली दिएर बैठक शुरु भयो।
२. बैठकमा उपस्थित सबै कमरेडहरूबाट रिपोर्ट प्रस्तुत भयो।
३. बैठकमा अध्यक्षद्वारा प्रस्तुत गरिएको आसन्न स्थानीय निर्वाचनको प्रस्ताव बारे छलफल भयो। छलफल पश्चात् पैसाको खोलो बगाएर ठेकेदार, तस्कर, भ्रष्टाचारीहरूको खेल मैदान बन्ने गरेको गलत निर्वाचन प्रणाली भएको, सिंहदरवारको भ्रष्टाचार सरेर स्थानीय सरकार भ्रष्टाचारको अखडा बनेको, स्थानीय जनतामाथि करमाथि करको महाबोझ थपेर जनतामारा बनेको, ःऋऋ जस्तो राष्ट्रघाती सम्झौताको मौन समर्थक बनेको, विकास निर्माणका नाममा स्थानीय जनताको उठीबासको मौन समर्थक र साक्षी बनेको, नेवाः जातिको विनास गर्ने केन्द्रको योजना कार्यान्वयनको मतियार बनेको, स्थानीय तहमा पहिचान र स्वायत्तता नभएको, प्रतिक्रियावादी संसदीय व्यवस्थाको तीनै अंग असफल भई त्यसले गर्ने सम्पूर्ण राष्ट्रघाती र जनघाती काममा हिस्सेदारी बनेर जनता चुस्ने थलो बनेको, ल्य ख्यतभ को व्यवस्था नभएको आदि गंभीर कारणहरूले गर्दा स्थानीय निर्वाचनलाई नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाःले सक्रिय बहिस्कार गर्ने निर्णय गरेको छ।
४. आसन्न निर्वाचन बहिस्कार गर्न नेवाः मोर्चाले जनतामा अपील गर्ने, घरदैलो मार्फत वहिस्कार अभियान संचालन गर्ने तथा निर्वाचन बहिस्कारको व्यापक रूपमा प्रचार प्रसार गर्ने र निर्वाचन बहिस्कारलाई आन्दोलनको रूपमा लाने निर्णय गरिएको छ।
५. अभियान अन्तर्गत संगठन विस्तार गर्ने निर्णय गरिएको छ।
६. अन्तमा बैठकका अध्यक्षले बैठकका निर्णयहरू मातहतका सबै निकायमा पनि लागू गर्न र गराउन निर्देशन दिनुहुँदै बैठक समापन गर्नुभयो।

## द्वन्द्वरत...

मान्छे बेग्लै र कथा बेग्लै, यसो हुनै सक्दैन। यसको तात्पर्य हो सामाजिक जीवनका घात-प्रतिघातको प्रस्तुति कथामा हुने गर्दछ र कथामा सामाजिक जीवनका वैविध्य अनि वैषम्यको सम्यक प्रस्तुति सम्भव छ। वस्तुतः यसरी नै कथाको पहिचान खोज्दै जाने हो भने कथाकार हिरामणि दुःखीको प्रस्तुत सङ्ग्रहका कथामा पनि यस्तैयस्तै दृष्टान्त प्राप्त गर्न सकिन्छ। मानवइतिहास, मानवीय क्रियाकलाप, मानवजातिले प्राप्त गरेको सौन्दर्यचेत अनि त्यही सौन्दर्यचेतनाका माध्यमबाट मानवजातिले खोज्ने भविष्य पनि कथामार्फत् अभिव्यञ्जित हुने सन्दर्भमा दुःखीका कथामा सुदूर भविश्यसम्म चियाउने भविष्यचेत पनि प्रबल छ भन्न सकिन्छ।

कथामार्फत् मानवसमाजमा विद्यमान वर्गीय अन्तरविरोधको सम्यक प्रस्तुतिसँगै अन्तरविरोधका कारक र त्यसको सम्भाव्य निराकरणको समेत प्रतिबिम्बन हुने गर्दछ। समकालीन कथालेखनको कुरा गर्दा द्वन्द्वमय जीवनका अनुभूति अटेसमटेस छन्, खचाखच छन् जसलाई कथाकलाका माध्यमबाट प्रस्तुत गर्ने सीपको खाँचो छ। अर्थात् अनुभूतिको भण्डार एकातिर अनि सिर्जनपरिवेश र सिर्जनात्मक सीप अर्कोतिर हुनुको कारण कथामार्फत् विगतको जनयुद्धबाट प्रायः विशिष्ट कीर्तिमान र तत्जन्य अनुभूतिको सम्प्रेषण अपेक्षाकृत रूपमा हुन नसके पनि सामान्य उपलब्धि हासिल भएका छन्। यो एउटा निरन्तर प्रक्रिया पनि हुनाले यही प्रक्रियाका सन्दर्भमा कथाकार हिरामणि दुःखीले प्रस्तुत कथासङ्ग्रहमार्फत् युद्धमय परिवेशबाट प्राप्त आफ्ना अनुभूतिलाई कथात्मक बान्की दिनुभएको छ। त्यसैले दुःखीको यस सङ्ग्रहका कथामा युद्धमय परिवेश, युद्धमय जीवनशैली, युद्धमार्फत् भविष्य पछ्याउने उद्दात्त चिन्तन र युद्धआँधीमय जीवनभोगाइका झिल्काझिल्की पाउन सकिन्छ।

कथारचना गर्दा प्रतिनिधि यथार्थ वा विषयवस्तु, प्रतिनिधि पात्र र प्रतिनिधि परिवेशको चयन महत्वपूर्ण मानिन्छ। अझ यसभन्दा पनि प्रतिनिधि पात्र, प्रतिनिधि विषयवस्तु र प्रतिनिधि परिवेशको प्रारूपीकरण गर्ने कुरो झनै महत्वपूर्ण मानिन्छ। प्रारूपीकरणको प्रक्रियाले नै प्रतिनिधि यथार्थ, प्रतिनिधि पात्र तथा परिवेशको उदात्तीकरण गर्ने वा विद्रूपीकरण गर्ने भन्ने सवालको ठोस उत्तर प्राप्त हुन सक्छ। समकालीन कथालेखनकै कुरो गर्दा समानान्तर धाराका कतिपय कथाकारले प्रतिनिधि यथार्थ, प्रतिनिधि पात्र तथा प्रतिनिधि परिवेशको चयन त गरेका छन् तर गलत प्रकृतिको प्रारूप निर्माण गरेर प्रतिनिधि यथार्थ, पात्र र परिवेशको विद्रूपीकरण गरेका दृष्टान्तहरू प्रशस्तै पाइन्छन्। हिरामणि दुःखीका कथामा प्रतिनिधि यथार्थ, प्रतिनिधि पात्र र प्रतिनिधि परिवेशको उदात्तीकरण गरिएको छ। दुःखीका कथामा जनयुद्धसिर्जित नयाँ यथार्थको चयन, युद्धमय जीवनपरिवेशको चयनका साथै युद्धआँधीमय परिवेशका बीचबाट पात्रको चयन हुन गएको छ। प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत जम्मा दसवटा कथामध्ये जनयुद्धसिर्जित नयाँ यथार्थको अवगाहन गर्ने कथाहरूको सूचीमा- 'रमाका हिमाल अझमाथि चुलिँदै छ', 'साहस', 'अस्तु', 'नटुङ्गिदा घटनाहरू', 'अधिकारको खोजी', 'नयाँ जीवनको सुरुवात', आदि रहेका छन्। युद्धको प्रक्रिया र परिणतिले जीवनशैली र संस्कृतिमा समेत निरन्तर परिवर्तन आएको यथार्थपरक दृष्टान्त 'रमाका हिमाल अझ माथि चुलिँदै छ' शीर्षकको कथामा पाउन सकिन्छ। युद्धको अभिप्राय परिवर्तन नै हुनाले मानवीय जीवन र क्रिया प्रतिक्रियासँग सम्बन्धित वस्तुको नामकरण, तीसँग सम्पन्न गरिने क्रियाकलाप र सांस्कृतिक मूल्यमा आएको परिवर्तनको सङ्केत यस कथाले दिएको छ। वीरता, साहस र बलिदानका अनन्त गाथाको सम्झना र सहिदप्रतिको सम्मानभावस्वरूप हिमाल, पहाड, नदीनाला, वनजङ्गल, पुलसडक, चोकचौतारीको नामकरण हुने र त्यसलाई जनजीवनले हार्दिकतापूर्वक अङ्गीकार गर्ने गरेको यथार्थबोध प्रस्तुत कथामा उल्लेख्य पत्रकार सैलेन्द्रले पार्टी कार्यकर्ता प्रह्लादमार्फत् प्राप्त गर्दछ तर बेलासपुर हिमालको नाम 'रमाका' किन राखियो भन्नेबारेको खोलुवा यसमा दिइएको छैन। लोग्नेले युद्धमा संलग्न हुने आँट नगरे पनि महिलाहरू जिम्मेवारीबोधका साथ युद्धमा होमिएका हुन् भन्ने दृष्टान्त 'साहस' शीर्षकको कथामा पाउन सकिन्छ। यसमा दुई वटी छोरीकी आमा साकारले जनमुक्ति सेनामा भर्ती भएर आफ्नो साहसिक कार्यको परिचय दिएकी छन्। त्यस्तै आफ्नो लोग्ने तुलसीरामलाई आततायी सत्ताका जल्लादहरूले गिरफ्तारीपश्चात् हत्या गरे पनि सावित्री दिदीले लोग्नेको हत्या गरिएको स्थानबाट अस्तु लिएर पार्टीमा बुझाउनु र बदलाभावस्वरूप आफू पनि पूर्णकालीन पार्टी कार्यकर्ता हुनुले महिलाहरूमा विद्यमान त्याग र बलिदानी भावनाको प्रस्तुति 'अस्तु' शीर्षकको कथामा हुन गएको छ। युद्धकालमा सामान्य नेपाली जनले पाएको यातना, यन्त्रणा र प्रताडनाका साथै सृष्टिजस्ता दलित जातिकी महिलाले भोगेको कहालिलाग्दो जीवनकथा अर्थात् 'नटुङ्गिंदा घटनाहरू' शीर्षकको कथामार्फत् सृष्टिले शकुन्तलालाई सुनाएको कथा पनि कम्ती सम्वेद्य छैन। त्यसैगरी आरम्भमा जनयुद्धप्रति भ्रामक धारणा रहे पनि उत्तरोत्तर यथार्थबोध भएपछि धने सार्कीका लोग्नेस्वास्नी जनयुद्धमा होमिनुले जनयुद्धप्रति आम जनताको आकर्षण बढ्दो थियो भन्ने यथार्थपरक अभिप्राय 'नयाँ जीवनको सुरुवात' शीर्षकको कथामार्फत् प्राप्त हुन्छ।

जनयुद्धका सघन प्रक्रियासँग नजोडिएको तर जनयुद्धका उपलब्धि तथा माओवादी पार्टी सरकारमा सहभागी भएपछिका विसङ्गति, विचलनमुखी प्रवृत्ति र चिन्तनका बारेमा छेडखान गर्ने कथा हो- 'सहिद आमासँगको भेट'। पार्टीका पछिल्ला क्रियाकलाप र गतिविधिप्रति सहिद परिवारलगायतका जनमानसमा आशङ्का र उत्सुकता बढेर गएको संवेदनशील प्रसङ्गलाई कथात्मक बान्की प्रदान गरिएको छ। यसमा सहिदआमा वीरमालीका जिज्ञासा र आशङ्का अनि पार्टी कार्यकर्ता निर्माणभित्र उत्पन्न उस्तै आशंकाले पार्टी पङ्क्तिदेखि जनस्तरसम्म यस प्रकारको आशङ्का मौलाएको सङ्केत मिल्दछ। यो तात्तातो वर्तमानको तितो अनुभूति हो। 'पुनर्मिलन' र 'मौसमी रङ्ग' शीर्षकका कथा समकालीन राजनीतिक परिदृश्यमा आधारित फरक विषयप्रसङ्गको प्रतिबिम्बन गर्ने कथा हुन्। 'पुनर्मिलन' कथाले नेकपा माओवादी र नेकपा एकताकेन्द्र-मसालका बीचको एकता प्रक्रियाप्रति थोरै कटाक्ष र छेडछाड गर्दछ भने 'मौसमी रङ्ग' शीर्षकको कथाले माओवादी खुला राजनीतिमा आएपछि र संविधानसभामा धेरै सिट जितेर सबैभन्दा ठूलो पार्टी भएपछि पार्टी प्रवेश गर्नेहरूको घुइँचो नै लाग्यो, त्यस प्रक्रियाले पार्टी र क्रान्तिको दिशालाई विद्रुपित गर्ने हो कि भन्ने चिन्ता प्रस्तुत कथामार्फत् प्रकट गरिएको छ। निरन्तरक्रान्तिका पक्षमा उभिनेले यस्तो चिन्ता प्रकट गर्नु स्वभाविक हो र यो चिन्ता भनेको आमक्रान्तिकारी जनताको चिन्ता हो। सामान्य विषयवस्तुमा आधारित 'सन्तबहादुरको सहरयात्रा' शीर्षकको कथाले सहरिया जीवन परिवेशप्रति वितृष्णाभाव प्रस्तुत गरेको छ।

यथार्थको चयन र सवल प्रारूपीकरणका दृष्टिले 'सहिदआमासँगको भेट', 'नटुङ्गिंदा घटनाहरू', 'साहस', 'अस्तु', 'पुनर्मिलन', शीर्षकका कथा विशेष उल्लेख्य हुन सक्छन्। यिनमा पनि 'पुनर्मिलन' कथाको प्रारूप अत्यन्त सुन्दर र विश्वसनीय बन्न गएको छ भने 'अस्तु' कथाको प्रारूपीकरण त्यति स्वभाविक लाग्दैन। सावित्री दिदीको शालीनता, इमानदारीपन, त्याग र आत्मविश्वास प्रशंसनीय भए पनि उनले अस्तु लिएर पार्टीलाई बुझाउनुपर्ने औचित्य खासै देखिन्न। विषयवस्तुको चयन र प्रारूपीकरणका साथै कथाको संरचनागत सुगठनका दृष्टिले समेत 'सहिदआमासँगको भेट', 'अस्तु', 'नटुङ्गिदा घटनाहरू' शीर्षकका कथा तुलनात्मक रूपमा राम्रा बनेका छन्।

नढाँटी भनूँ भने कथा लेख्नु त्यति सजिलो छैन। आखिर मनले चिताएजस्तो सजिलो काम के नै हुन सक्छ र ? सामाजिक उत्तरदायित्वबोधले नै जस्तासुकै कठीन कार्य पनि सहजतापूर्वक सम्पन्न गरिन्छन् यसो भएता पनि कथा लेख्नु त्यति सहज छैन भन्ने कुरो म यसकारण भन्दै छु कि कथा लेख्न बस्दा धेरै कुरा विचार्नुपर्ने, बनोट-बुनोट चिटिक्क पार्नुपर्ने, अत्यन्त सतर्कतार्पूक यसका अङ्गउपाङ्गको सङ्गठन र व्यवस्थापन गर्नुपर्ने, कथानकको रेखाङ्कन र ढाँचा-ढर्रा मिलाउनुपर्ने अनि त्यसका लागि कठोर संयम र धैर्य चाहिने। छिनछिनमा कुदाकुद गर्नुपर्ने जिन्दगीको नियतिसँग खेल्दै र सम्झौता गर्दै फुकी-फुकी पाइला चाल्नुपर्ने, तीव्रतम् अनुभूतिको वेगमा हुइँकिएर कथा लेख्न बस्यो अटेसमटेस अनुभूतिको अभिव्यञ्जनाका लागि कलात्मक एवम् जीवनसापेक्ष सिर्जनकौशल प्राप्त गर्नुपर्ने, पाठकको मनमस्तिष्क र आनीबानीको राम्रो भेउ पाउनुपर्ने, पाठकको अभिरुचिमाथि गोता लगाएर सम्प्रेषण क्रियालाई ठिकसित आत्मसात् गर्नुपर्नेलगायतका परीक्षामा निपूर्ण हुनुपर्ने बाध्यता पनि छँदै छ। कथामा मूर्तिकृत हुँदै जाँदा यथार्थसापेक्ष एवम् जीवनसापेक्ष विषयवस्तुको चयन, उन्नत एवम् उदात्त विचारको प्रतिपादन, पात्र तथा परिवेशको चयन र प्रारूपीकरण, पात्रको क्रियाशीलता, पात्रका बीचको कार्यव्यापार, द्वन्द्व एवम् घटनाको तारतम्य, आदि, मध्य र अन्त्यको रेखाङ्कन, शब्द चयन, वाक्य गठन, अनुच्छेद योजना, भाषाशैली, दृष्टिविन्दु, पात्रको चयन र रेखाङ्कनलगायतका नानाभाँतीका झैझमेला। यति झमेला झेलेर कथा पस्किसकेपछि अन्त्यमा पाठक/समालोचकको खप्की र डण्डा खानुपर्ने त छँदै छ। यसको तात्पर्य कथालेखनबाट विमुख हुनु यसको समाधान नभएर निरन्तर साधना, सिर्जनकौशलको विकास र सङ्घर्ष नै ठोस समाधान हो।

मैले यहाँ नानाथरीका झैझमेलाको उल्लेख गरैं तर तिनको नालीबेली लगाउने पक्षमा म छैन। पात्रका सम्बन्धमा अलिकति चियोचर्चो गरूँजस्तो लागेको छ। कथामा पात्र भन्नु विचारवाहक माध्यम हो, जसले कथाकारले प्रतिपादन गरेको विचारलाई पाठकसमक्ष पुऱ्याउने काम गर्दछ। त्यसैले कथाका पात्र जीवनसापेक्ष, कालसापेक्ष, वर्गसापेक्ष र विचारसापेक्षा हुने गर्दछन्। जीवनसङ्घर्षको भट्टीमा गालिएका र खारिएका पात्रले नै पाठकसँग मितेरी लगाउन र पाठकभित्र प्रवेश पाउन सक्छन्। यसको तात्पर्य के पनि हो भने कथामा पात्रलाई निर्वाध रूपमा विचरण गर्न दिनुपर्छ, कथाकार स्वयमले नत्थे लगाएर डोऱ्याउनुहुँदैन। पात्र आफूले भोगेको जीवनको गति, नियति र क्रियाबाट डोरिन्छ, कथाकारले डोऱ्याउने होइन। पात्रलाई ओझेलमा पारेर कथाकार स्वयमले लम्बेतान भाषण गरिरहँदा पात्र कमजोर बन्न जान्छ। पात्र कमजोर हुनु भनेको पात्रमार्फत् सम्प्रेषित विचार कमजोर हुनु हो, कथा नै कमजोर हुनु हो। यसको तात्पर्य प्रस्तुत सङ्ग्रहभित्रका कथाका पात्रको स्थिति यस्तै छ भन्ने होइन, बरु त्यसतर्फको थप अभिप्रेरणा मात्रै हो।

'युद्धका कथाहरू' दुःखीको पहिलो कथासङ्ग्रह हो, तर यसमा सिकारु प्रवृत्ति नभएर परिपक्वता देख्न सकिन्छ। यो पहिलो सङ्ग्रहले नै हिरामणि दुःखीमा कथा कथनसम्बन्धी सीप र सम्भावना राम्रो देखिन्छ। मार्क्सवादीहरू श्रम, सीप, साधना र निरन्तर सङ्घर्षमा विश्वास गर्छन्, यो सामान्य धारणा हो। स्रष्टा हिरामणि दुःखी युद्धमय जीवनका गौंडागल्छेंडा पार गर्दै यहाँसम्म आइपुग्नु र थप सुन्दर भविष्य पछ्याउने ध्याउन्नमा लागिरहनुले उहाँको सिर्जनक्रियाशीलता उर्वर बन्दै जाने निश्चित छ। वर्गचेत, सिर्जनचेत र उत्तरदायित्वबोधले स्रष्टालाई अनन्त सम्भावनातर्फ डोऱ्याउने गर्दछ। त्यसैले कथाकार दुःखीले पनि सिर्जनारूपी महान् यात्राका क्रममा अनेक सम्भावनाका ढोका उघार्दै जानुहोस् भन्ने शुभकामना दिन चाहन्छु।

## श्रमिक...

महिला नेतृत्व स्वीकार्ने सवालमा सरकारको नैतिक र भौतिक जिम्मेवारीमा प्रश्नचिन्ह खडा हुँदै आइरहेको छ। अझ दुर दराजका बस्तीमा हेर्दा त सजिलै बुझ्न सकिन्छ कि महिला दोस्रो दर्जाको नागरिक हो जस्लाई एउटा आम नागरिक भएर जीउने, बोल्ने, पढ्ने र जीवनमा अघि बढ्ने अधिकार छैन्। आफ्नै शरीरप्रतिको पहुँच छैन। निशब्द, रूपमा हरेक समाजको, परिवारको, अन्याय अत्याचारको आहालमा बस्नु परेको छ। दिनानुदिन कारूणिक घटनाले आक्रान्त बन्नु परेको छ। महिला राष्टपति भएको गणतन्त्रात्मक मुलुकमा दिन दाहाडै बलत्कार जस्तो जघन्य अपराधको सिकार बन्नु परेको छ। सती, कमलहरी, छाउपडी, बोक्सि आदि प्रथाहरू कानुनी कागजमा हटाइएता पनि ती बस्तीका नारीहरूको जीवन स्तरमा अझैसम्म सुधार आएको छैन्। बर्सेनी महिलाहरूको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले सरकारी तथा गैरसरकारी निकायबाट खर्चिने रकम तथा कार्यक्रमहरू लक्षित महिला वर्गमा पुग्न नसक्नु, डलरका खेति गर्ने नारीवादीहरू, महिला अधिकारक्रमिहरू, जथाभावी मौलाउदै जानुले आम नेपाली समाजलाई दिनानुदिन खोक्रो बनाउदै (लुटि ल्यायो भुटी खायो जस्तै) लगेको स्थिति छ। हरेक क्षेत्रमा शोषणको रूप फेरिएको छ चरित्र उस्तै छ।

हिजोको सामन्तवादी समाजको चंगुलबाट मोही किसानहरू मुक्त भए तर महिलाहरू पुँजीवादी शोषणको चक्रमा पिल्सिरहेका छन्। हिजोका दिनमा नारीहरू दृश्यमै शोषित थिए तर वर्तमानका नारीहरू विभिन्न बहानामा शोषित नै छन्। विगतदेखि वर्तमानमा हेर्दा लैङ्गिक शोषण झन कहालिलाग्दो देखिन्छ। जस्ले (पुँजीवादले) महिलाहरूलाई उपभोग्य बस्तुको रूपमा बजारमा भएको सस्तो मूल्यमा किनबेच गर्ने दुस्साहस गर्दैछ। अत हरेक गाउँ-गाउँबाट बस्ति-बस्तीबाट उठौ, जागौ नारी नारीका बिच कुनै खालको द्वेष नसाचौ। यो या त्यो पार्टीको महिला वा कार्यक्रम भन्ने दलिय स्वार्थ भन्दा माथि उठेर सही अर्थमा लैङ्गिक उन्मुक्तिको निम्ति एकाकार हौ। स्वाभिमान, आत्मसम्मानका साथ बाँचौ। मदर टेरेसा, फ्लोरेन्स नाइटेङ्गल, वेलेजे भुट्टो, रोजा पार्ट, हेलेन केलर जेनि कुपसाकाय आदि पनि नारी नै हुनुहुन्थ्यो। उहाँहरू प्रति नमन। जुन जीवनभर फूल बनेर चम्किएका उहाँहरूका कृतिहरू सुबास बनेर विश्वभर फैलिएका छन्। सबै नारीहरूले किर्तिमान राख्न नसकेता पनि अगाडि बढ्ने साहस गरौ। ११२ औंअन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सम्पूर्णमा धेरै-धेरै शुभकामना।

# मिथिला राज्य, ऐतिहासिक तथ्य र आन्तरिक राष्ट्रियताबारे



● अशोक शर्मा ●

*दिल्ली सम्राट गयासुद्दिन तुगलकको सेनाले सिम्रौनगढ कब्जा गरे पनि उनीहरू त्यहाका दरवार र प्रसाशनिक भवनहरू सबै ध्वस्त पारिसकेपछि त्यसलाई छोडेर दिल्लि गए। मुसलमान सेनाले छोडेर गएपछि सिम्रौनगढ राज्यका युद्धमन्त्री चण्डेश्वर ठाकुरको बृहत मिथिला एकिकरणको योजना अन्तरगत सन १३२६ मा मैथिल ब्राह्मण ओएन ठाकुर सर्लाही जिल्लाको मुर्तिया क्षेत्रलाई राजधानी बनाएर राजा भए । दिल्लीको उपनिवेशको रूपमा करीव तीनसय वर्ष यो ब्रामणबंशीय शासन चलेको पाइन्छ । यहि समयमा मैथिल महाकवि विद्यापति(सन१३६०-१४४८) को जन्म भएको थियो। रणनीतिक चातुर्यता र कुटनैतिक निपुर्णताको अनुपम क्षमता वोकेका महाकवि विद्यापतिले मैथिलि सभ्यता सहित्य कला र संस्कृतिको क्षेत्रमा ठूलो योगदान पुर्याए। उनको कुटनैतिक चातुर्यता कति धेरै थियो? भन्ने कुरा मिथिलाबासीलाई कर बढाउन दिल्लीले दिएको आदेश नमानेको आरोपमा ब्राह्मण राजा देवसिंह ठाकुरलाई दिल्लीमा बन्दी बनाउदा समेत उनलाई मुक्त गराउन विद्यपति सफल भएका थिए। मिथिलाको राष्ट्रियताको विकासमा महाकवि विद्यापतिको महत्त्वपूर्ण योगदान र भुमिका रहेको छ*

२ न. प्रदेशको मधेस नामाकरणसंग केही महत्त्वपूर्ण विषयवस्तुहरूको संवेदनशीलता जोडिएको छ । वास्तवमा त्यो मधेस प्रदेश हो वा मिथिला ? भन्ने विषयमा व्यापक बौद्धिक बहस शुरु भएको छ । वाद, विवाद वा छलफल र बहसले संवाद वा निष्कर्षको प्रक्रियामा पुग्न निशन्देह मद्दत पुऱ्याउने नै छ । यसका लागि थप छलफल र बहस हुन अझ बढि आवश्यक देखिन्छ ।

यहाँ उठाउन खोजिएको विषय चाहिँ नेपालको तराईमा मधेस छ कि छैन ? वा मधेस कुन ठाउँमा छ ? भन्ने हो । यहाँ मधेसवारे विभिन्न कोणवाट कुरा उठ्ने गरेको छ । यसवारे संक्षिप्तमा चर्चा गर्न आवश्यक देखिन्छ । ऐतिहासिक तथ्य र तथ्यांकका आधारमा मधेस विन्ध्याचल पर्वतदेखि उत्तर हिमालयन पर्वत सम्म फैलिएको क्षेत्रलाई मानिन्छ । अर्थात भारतको उत्तराखण्डको प्रयागदेखि पश्चिम अम्वला सम्मको भुभाग नै मधेस हो ।

बुद्ध दर्शन अनुसार पनि मझिम देशको रूपमा यस्को चर्चा हुने गरेको पाइन्छ । प्राचीन कालमा यो क्षेत्रलाई नै आर्यवर्त भनिन्थ्यो । इतिहासविद बाबुराम आचार्यले समेत कुमाउ देखि गढ्वालको तलपट्टिको भुभाग मधेस भएको उल्लेख गरेका छन । यसलाई अझ बुझ्ने र बुझिने गरि भन्नुपर्दा आर्यवर्त अर्थात प्रयाग देखि अम्वलाभित्रको क्षेत्र, अझ स्पष्ट भाषामा विध्न्याचल पर्वतदेखि हिमालयन पर्वतको विचको क्षेत्र एसिया महादेशको मध्य भागमा पर्ने भएको हुदा यो क्षेत्र मध्य एसिया क्षेत्रको रूपमा चिनिन्छ । यहि मध्य एसिया क्षेत्रमा बसोवास गर्ने आर्य समुदायका मान्छेहरूलाई नै शुरुमा मधेसिया भनियो । त्यो क्षेत्रमा बसोवास गर्ने जनतालाई अहिले पनि मधेसिया भन्ने चलन छदैछ । दिल्लीमा बसोवास गर्ने त्यो क्षेत्रका जनताले अहिले पनि दिल्लिमा मधेसीया संगठन निर्माण गरेको पाईन्छ ।

आर्यवर्त वा मध्य एसिया क्षेत्रवाट विभिन्न समय र परिस्थितिमा अन्यत्र बसाइँसराइ गरि छरिएर रहेका आर्य समुदायका मानिसहरू नै मधेसी हुन, जो नेपालको तराई क्षेत्रमा अवस्थित मिथिला, भोजपुरा, अवध र थारहट क्षेत्र लगायत भारतको विहार उत्तरप्रदेश मध्य प्रदेश लागायतका क्षेत्रमा बसोवास गर्दै आइरहेका छन। अझ मध्य प्रदेश त मधेस, मध्यदेश हुँदै मध्यप्रदेसको रूपमा विकास हुँदै आएका विभिन्न आधार र तथ्यहरू पाइन्छन् ।

मधेश शव्दको प्रयोग सामन्यतः पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तरको क्रममा सन १७६२ मा मकवानपुर कब्जा गरेपछि सेन राजाहरूको नियन्त्रणमा रहेको मिथिला गोर्खालीहरूको अधिनमा आएपछि मात्र प्रयोग भएको पाइन्छ । त्यसयता यसको अलिवढि प्रयोग भने २०१५ सालको चुनाव पछि भएको हो। नत्र यसलाई तराई नै भनिन्थ्यो । अझ मिथिला क्षेत्रमा तराई काङ्ग्रेस नाम गरेको पार्टी नै एक समयमा अस्तित्वमा रहेको पाइन्छ। अझैसम्म तराई जनतान्त्रिक मोर्चा, तराई कोभ्रा, तराई मुक्तिमोर्चा जस्ता संगठनहरू बन्दै आइरहेका छन। दोस्रो कुरा मधेसी समुदाय नेपालको तराईका अलावा विहार, झारखण्ड, उत्तर प्रदेश, मध्य प्रदेश लगायतका भुभागमा बसोवास गर्दै आइरहेका छन। उनीहरू वसोवास गरेकै आधारमा मधेस हुने हो भने त ती क्षेत्रमा पनि मधेस हुनुपर्ने हो नि ! तर त्यहाँको भुभागलाई त मधेस भनेर नामाकरण गर्ने कुरा उठ्ने गरेको पाइदैन त !! फेरि नेपालमा मात्र यो विषय किन निकै महत्त्वका साथ जोडतोडले उठ्यो वा उठाइयो ? यो आजको निकै महत्वपूर्ण सवाल हो। यो वियष किन यसरी उठाइयो ? यसमा थप बहस गरिरहनु पर्ने आवश्यकता छैन कि यो मिथिला राज्यको पहिचान मेट्ने र त्यहाँको मैथिल राष्ट्रियता समाप्त पार्ने अन्तर्निहित र प्रायाजित उदेश्य र योजनाका साथ आएको सहजै अनुमान गर्न सकिन्छ ।

मिथिला राज्यको विकास त्यो क्षेत्रमा आर्यहरूको प्रवेश हुनुभन्दा निकै अगाडि भएको पाइन्छ। मिथिलामा आर्यहरूको प्रवेश जनककालको अन्त्यतिर भएको मानिन्छ। यस विषयमा थप स्पष्ट हुन मिथिला राज्यको ऐतिहासिक पक्षमाथि ध्यान दिन आवश्यक देखिन्छ।

मिथिला प्राचिन विदेह राज्य हो। यो राज्यको इतिहास इ. पु. १५०० तिरवाट जोडिन्छ। त्यसवेलाका मिथि नाम गरेका राजा नै यो राज्यका संस्थापक राजा मानिन्छ । मिथिकै नाम वाट विदेह राज्यलाई मिथिला भन्न थालिएको हो। मिथिलाका राजाहरूलाई जनक भन्ने गरिन्थ्यो । जनक त्यहाँको साझा संस्था जस्तै भएको हुनाले मिथिलाका राजाहरूलाई जनक भन्ने गरिन्थ्यो । रामायणमा उल्लेख गरिएका जनक राजालाई शीरध्वज जनक भनिन्थ्यो । शीरध्वज जनक मिथिलाका २२ औ पुस्ताका राजा थिए। यीनिहरूका २५ पुस्ताले यो क्षेत्रमा एक हजार बर्ष शासन गरेको पाइन्छ। मिथिला राज्य प्राचिनकालिन राज्यमा सबैभन्दा पुरानो ससक्त र सुसंस्कृत राज्य मानिन्थ्यो ।

इ. पु. चौथो शताब्दीतिर अजातशत्रुको आक्रमणवाट मगध साम्राज्यको नियन्त्रणमा आएपछि मिथिला राज्यको अन्त्य भई तुरहुत राज्यको स्थापना भएको पाइन्छ। तिरहुत राज्यका संस्थापक अजातशत्रु अष्ट्रिक मुलका थिए कि आर्य मुलका थिए ? भन्ने विवाद अझैसम्म कायमै छ। इशाको चौथो शताब्दीतिर मगधका राजा नन्द र मौर्यहरू मिलेर मिथिलालाई नियन्त्रणमा लिए पनि मौर्य साम्राज्य दुई शताब्दी भन्दा टिक्न सकेन। अजातशत्रुको आक्रमण वाट जनकपुरमा केन्द्रित मिथिला राज्य मगध साम्राज्यको नियन्त्रणमा गएपछि सिरहामा सलेहशबंशीय शासन को रूपमा मिथिला राज्य रहेको पाइन्छ। सिरहाको हालको लहान नगरपालिका वाट करिब १५ किलोमिटर उत्तरदिशामा रहेको मानिक दह समेत रहेको फुलवारी क्षेत्र राजधानी रहेको थियो । वर्तमान अवस्थामा पनि मिथिलामा सलहेशः राजाको विरगाथाको विभिन्न तरिकाले चर्चा गरिने गर्दछ । मणिपद्म सलेहश राजाको पालामा तिब्बत देखि लिएर मिथिलाका समग्र भुभाग ओगटेको विशाल राज्य रहेको थियो । लिच्छविकालिन राजा मानदेवले आक्रमण गरि आफ्नो नियन्त्रणमा लिएपछि नै सलहेशबंशी राजतन्त्र अन्त्य भई मिथिला एउटा समय उपत्यकाको अधिनमा आएको थियो ।

मिथिला राज्य मौर्य साम्राज्यको उदय संगै चन्द गुप्तको शासनकालमा यसलाई गुमनाम गराइयो । पछि मौर्यबंशी चन्द्र गुप्तका नाति विक्रमादित्यको पालामा मिथिला र वैशाली राज्यलाई गुप्त साम्राज्यको प्रशासनिक अंगको रूपमा कायम गरेपछि नै यसलाई तिरहुत राज्य भन्न थालियो। मौर्यबंशीय यो तिरहुत राज्य निकै शक्तिशाली राज्यको रूपमा कायम रहन पुग्यो । आठौं शताब्दीतिर बंगालका पाल बंशी राजाहरूको नियन्त्रण कायम भएपछि नै मौर्य शासन अन्त्य भएको हो। पालबंशी राजाहरूको इ.सं. १०१९ मा शासन समाप्त भएपछि सन १०६८ सम्म मिथिलामा गाङ्येदेवले शासन गरेका थिए भने । पछि कर्नाटका राजा चाकुल्य विक्रमादित्य छौटौंको पालामा अहिलेको भारतको उत्तरी क्षेत्र आक्रमण गर्ने क्रममा कर्नाटबंशी नान्यदेवको नेतृत्वमा मिथिलामाथि आक्रमण गरि विजय प्राप्त गरेपछि सन १०९७ देखि सिम्रोनगढलाई राजधानी बनाएर मिथिलनमा कर्नाटबंशको शासन कर्नाटबंशी राजा नान्यदेव( १०९७-११३५)बाट सुरु भएको कर्नाटशासनकाल लगातार २३१ बर्षसम्म अस्थित्वमा रहेको थियो। कर्नाटबंशका अन्तिम राजा हरिसिंहदेव (१३०४-१३२६) को शासनकाल मिथिला आक्रमक सामन्त राज्यको रूपमा रहेको थियो। युद्धकलामा निपुण तथा विद्धान चन्डेश्वर ठाकुर युद्धमन्त्री नियुक्त भएपछि उनका निबन्धहरूलाई नै कर्नाटबंशी शासनको विधान र कानुन बनाइएको थियो। उनको शासनकालमा उपत्यकाका कतिपय स्थानहरू कब्जा गरिएको थियो। मंदीरहरू भत्काउनका साथसाथै लुटिएका समेत थिए। उपत्यका बहाइरका पहाडी भुभागहरू कब्जा गरिएका थिए । आक्रमक रूपमा विकास हुदै आएको यो राज्य अन्ततः यसै सिलसिलामा पतन हुन पुग्यो । दिल्लिका मुसलमान राजा गयासुद्दिन तुगलक बंगाल माथि नियन्त्रण जमाएर फर्कने क्राममा हरिसंहदेवका सेनाले आक्रमण गर्दा मुसलमान सैनिकको प्रत्याक्रमणवाट पराजित हरिसिंहदेब परिवारसहित भाग्ने क्रममा देलखा नजिकैका तीनपाटन किल्लामा पुगेपछि सन( १३२६) मा उनको निधन भयो र यो संगै कर्नाट बंसको शासन समाप्त हुन पुग्यो ।

दिल्ली सम्राट गयासुद्दिन तुगलकको सेनाले सिम्रौनगढ कब्जा गरे पनि उनीहरू त्यहाका दरवार र प्रसाशनिक भवनहरू सबै ध्वस्त पारिसकेपछि त्यसलाई छोडेर दिल्लि गए। मुसलमान सेनाले छोडेर गएपछि सिम्रौनगढ राज्यका युद्धमन्त्री चण्डेश्वर ठाकुरको बृहत मिथिला एकिकरणको योजना अन्तरगत सन १३२६ मा मैथिल ब्राह्मण ओएन ठाकुर सर्लाही जिल्लाको मुर्तिया क्षेत्रलाई राजधानी बनाएर राजा भए । दिल्लीको उपनिवेशको रूपमा करीव तीनसय वर्ष यो ब्रामणबंशीय शासन चलेको पाइन्छ । यहि समयमा मैथिल महाकवि विद्यापति(सन१३६०-१४४८) को जन्म भएको थियो। रणनीतिक चातुर्यता र कुटनैतिक निपुर्णताको अनुपम क्षमता वोकेका महाकवि विद्यापतिले मैथिलि सभ्यता सहित्य कला र संस्कृतिको क्षेत्रमा ठूलो योगदान पुर्याए। उनको कुटनैतिक चातुर्यता कति धेरै थियो? भन्ने कुरा मिथिलाबासीलाई कर बढाउन दिल्लीले दिएको आदेश नमानेको आरोपमा ब्राह्मण राजा देवसिंह ठाकुरलाई दिल्लीमा बन्दी बनाउदा समेत उनलाई मुक्त गराउन विद्यपति सफल भएका थिए। मिथिलाको राष्ट्रियताको विकासमा महाकवि विद्यापतिको महत्त्वपूर्ण योगदान र भुमिका रहेको छ ।

ब्राह्मणहरूको शासनको अन्त्य पस्चात केहि समय उपत्यकाको नियन्त्रणमा रहेको मिथिला राज्य अन्ततः पाल्पाली सेन राजाको नियन्त्रणमा गएको थियो। पछि गोर्खा राज्य विस्तारको क्राममा सन १७६२ मा मक्वानपुर राज्यमाथि पृथ्वीनारायण शाहको नियन्त्रण कायम भएपछि मिथिला राज्य आधुनिक नेपालको अंग बनेको हो ।

समग्ररूपमा भन्नुपर्दा मिथिला राज्य एक ऐतिहासिक मानव सभ्यता र संस्कृति बोकेको एक स्वतन्त्र राज्यको रूपमा रहेको पाइन्छ। पुर्वको टिष्टासम्म फैलिएको यो क्षेत्र पश्चिममा नारायणी नदिको सीमाले भेटेको उपत्यका बाहिर हिमाल क्षेत्रवाट भारतको मुजफपुर, चम्पारण दरभंगा र जलपाइगढी सम्म फैलिएको थियो। अम्मरसिंह थापा र बलभद्र कुबँरहर्ुहित देशभक्त नेपालीहरूको असहमतिको बाबजुत शाहबंशीय राजाले भिमसेन थापालाई अघाडि सारेर अंग्रज सामु आत्मसमर्पण गरि सुगौली सन्धि गरेपछि नै मिथिलाको ठूलो भुभाग अन्यत्र गएको हो। यत्रो लामो इतिहास र विरताको प्राचीन विरासत बोकेको मिथिला राज्य र त्यहाँको राष्ट्रियतालाई समाप्त पार्ने गरि यसरी अहिले राज्यको पुनर्संरचना गर्ने नाममा मधेस प्रदेश नामाकरण गर्नु दुखद कुरा हो। समग्रमा यो निश्चित छ कि पौराणिक कालदेखि नै नेपालको हाल मिथिला, जनकपुर, सिम्रौनगढ, सिरहा फुलवारी, सप्तरी मानराजा, सर्लाही मुर्तिया लगायतका स्थानकेन्द्रित मिथिला राज्य मधेस नामाकरण गरिदिएपछि मुलुकको कुनै आकार प्रकार नै नभएको भारतलाई केहि न केहि रहात पुर्याउन त यसो गरेका होइनन ? किन कि भारतको विहार कुनै बनिबनाउ राज्यको स्वरूप होइन। त्यहाँ विभिन्न स्वरूपका ससाना थुप्रै राज्यहरू थिए। तर मिथिला राज्य छुट्टै थियो र त्यो आधुनिक नेपालको कोणवाट हेर्दा जनकपुर, सिम्रौनगढ, सिरहा राजधानी नियन्त्रित विशाल सुसंस्कृत राज्य र ऐतिहासिक सभ्यता परम्परा भाषा कला संस्कृतिको अनुपम राष्ट्रियता सहितको अखण्ड भुभाग थियो। यो भुगोलको ऐतिहासिकता संग जोडिएका प्राचीन कालदेखि आजसम्मका सबै तथ्य प्रमाण र मनोविज्ञनले मिथिला क्षेत्र आधुनिक नेपालको एउटा अभिन्न अंग हो भन्ने ऐतिहासिक आधारलाई समाप्त पार्ने भारतीय षड्यन्त्रको योजनामा त यो आएको होइन ? तसर्थ यो विषय निकै गम्भीर र सोचनीय विषय बन्न पुगेको छ। यस विषयप्रति रचनात्मक, क्रियात्मक र आलोचनात्मक धारणाको विकास हुन आवश्यक र अनिवार्य दुबै छ ।

## भारतीय...

गलत दृस्टीकोण प्रति अन्य देशले अपनाउने ब्यबहार ,क्रियाकलापहरू फरक फरक देशका फरक फरक प्रकारका छन । त्यही कारणले नै सवैका सिमा समस्या पनि फरक फरक प्रकृतिका छन । चीन ,पाकिस्तान ,बंगलादेश ,श्रीलंकाले भारतीय विस्तारवादी दृस्टीकोण र क्रियाकलापको फौजी ढंगले नै प्रतिवाद गरेको देखिन्छ । भारतीय विस्तारवादको सामु ति देशका शासकहरू कहिल्यै झुकेको र आत्मासमर्पण गरेको देखिदैन । आफ्नो देशको प्रत्यक ईञ्च भूमिको रक्षाको निम्ति उनीहरू आफ्नो रगत दिन तयार देखिन्छन् ।

नेपाल र भारतका विच सिमा छुत्याउनका निम्ति राखियका सिमा स्तम्भहरू लावारिश अवस्थामा छन । एउटा सरकारी तथ्यांक अनुसार नेपालको तर्फ वाट राखियको कुल ५,९४७ सीमा स्तम्भ मध्य भारत तिर ५,९३६ र चीन तिर ११ छन् । ति मध्य ३,०८० सिमा स्तम्भहरू मात्र सामान्य अवस्थामा छन । कैयौ सिमा स्तम्भहरू हरायका छन, कैयौ खोलाले बगायाका छन ,कैयौ जिर्ण बनेका छन । हरायका भनियका सिमा स्तम्भहरू मध्य अधिकांस भारतीय पक्ष बाट रातारात गायव पारियका कुरा पनि सरकारी स्रोत वाट नै बुझ्न सकिन्छ । ति हरायका सिमा स्तम्भहरूको खोजि गर्ने तथा खोलाले बगायका र जिर्ण भएकाहरूको निर्माण ,मर्मत र पुनर्निर्माण गर्ने प्रति राज्यको कुनै चासो,चिन्ता र योजना देखिदैन ।

सीमा जोडिएका २६ जिल्लामध्ये १८ जिल्लामा सीमाभन्दा ३-४ किलोमिटर भित्र नेपालको तर्फबाट सशस्त्र प्रहरी क्याम्प स्थापना गरिएको छ । चितवन, दाङ , इलाम, पाँचथर, ताप्लेजुङ, डडेलधुरा, बैतडी र दार्चुला जस्ता भारतसंग सीमा जोडिएका जिल्लाहरूमा सिमा सुरक्षाको निम्ति सशस्त्र प्रहरीको क्याम्प राखियको छैन । उता भारतले भने त्यस क्षेत्रमा बलियो सुरक्ष वल राखेको देखिन्छ । नेपालले सम्पूर्ण सिमा सुरक्षाको निम्ति जम्माजम्मी लगभग पाँच हजार सशस्त्र प्रहरी खतायको देखिन्छ । तर भारतले सिमा सुरक्षाको निम्ति कुल सिमानामा प्रति किलोमिटर २५ जनाको दरले आफ्ना ४५ हजार सेना सिमानामा तैनाथ गरेको छ ।

नेपाली जनताले बिगत देखि नै भारतीय विस्तारवादको हस्तक्षेप र अतिक्रमणका बिरुद्ध संघर्ष गर्दै आएकाछन । यो संघर्षको क्रममा गोबिन्द गौतम लगायतका कैयौ होनहार नेपाली युवाहरूले बलिदान सम्म गरेकाछन । भारतीय अतिक्रमणको बिरुद्ध ०५३ मा तत्कालिन मालेको शुदुर पश्चिम ब्युरोले कालापानी मार्च , लगत्तै सोहि पार्टीको बिधार्थी संगठनले कालापानी मार्च र ०७२ साउन २२ गते नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव कमरेड किरण ले उद्धाटन गरेर उक्त पार्टीको बिधार्थी संगठन अखिल (क्रान्तिकारी) ले लिपुलेक मार्च गरेका थिए । त्यस्तै नेकपा (क्रान्तिकारी माओवादी)ले नेपालका सरकारी तथा गैर सरकारी निकायहरूमा प्रयोग गरिदै आएको भारत द्वारा निर्मित कालापानी,लिपुलेक र लिम्पियाधुरा नसमेतियको नक्कली नक्शा प्रयोग नगर्न अनुरोध गर्दै उनीहरूलाई कालापानी,लिपुलेक र लिम्पियाधुरा समेतियको सक्कली नक्शा हस्तान्तरण गर्नेकाम पटक पटक अभियान कै रूपमा ग-यो । काठमाडौं वाट सुरु गरियको उक्त अभियानले देशब्यापी रूप लियो फलस्वरूप अभियान देशव्यापी रूपमा सम्पन्न भयो । साथै नेकपा (क्रान्तिकारी माओवादी) निकट देशभक्त जन गणतान्त्रिक मोर्चा, नेपालले ०७६ मा एकै पटक देशको ४ ठाउमा उद्धाटन गरेर २ समुहमा विभाजित भै भारतीय विस्तारवाद द्वारा सिमा अतिक्रमण गरियका ७१ वटै ठाउमा नेपालको वास्तविक नक्शा चुच्चे नक्शा बोकेर 'मिनी लंग मार्च' गरेको थियो । यतिमात्र होईन जनताले राजधानी लगायत देशभरका जिल्ला सदरमुकामहरूमा गोष्ठी,अन्तरक्रिया -याली ,सभाहरू सयौ होईन हजारौ सम्पन्न गरेका छन ।


त्यस्तै प्रशासकीय बाटो वाट पनि जनताले बिगत देखिनै आवस्यक पहल गरेको देखिन्छ । जसअनुसार २०३० मा तत्कालिन गृहमन्त्रालयको शाखा अधिकृत पुरुषोत्तम रेग्मी नेतृत्वमा कालापानी गएको स्थलगत अध्यन टोलीले नेपाल सरकार समक्ष प्रतिबेदन पेश गरेको बुझिन्छ । ०३८ मा तत्कालिन दार्चुलाका प्रमुख जिल्ला अधिकारी द्वारिका अधिकारीले कालापानीको स्थलगत अध्यन गरी गृहमन्त्रालय लाई प्रतिवेदन बुझाएको देखिन्छ । ०४५ मा तत्कालिन त्याहाका प्रमुख जिल्ला अधिकारी डिल्लीराज जोशीले कालापानीको स्थलगत अध्यन गरी गृह मन्त्रालयमा प्रतिवेदन बुझाएको भन्ने छ । टनकपुर सन्धिको बिरोधको क्रममा 'महाकाली संरक्षण समिति कंचनपुर कैलालीले तत्कालिन प्र.म. गिरिजा प्रसाद कोईराला लाई बुझाएको ज्ञापनपत्रमा कालापानी बारे उल्लेख गरिएको देखिन्छ ।

नेपाली जनताले भारतीय विस्तारवादी हेपाह र मिचाह प्रवृतिका विरुद्ध यसरी संघर्ष गर्दै आएको भएतापनी याहाका शासकहरूले बिगत देखि नै विस्तारवादको सामु नतमस्तक हुने ,लाम्पसर पर्ने , आत्मासमर्पण गर्ने र दलाली गर्ने गरेको देखिन्छ । नेपाली शासकहरूले भारतीय विस्तारवादको बिरुद्ध रास्ट्रिय अन्तरास्ट्रिय रूपमा जनमत शृजना गर्ने , विस्तारवाद बिरोधि संघर्षलाई उत्साहित गर्ने काम कहिल्यै गरेनन । सिमा रक्षाको सवालमा ,रास्ट्रिय स्वाधिनता , स्वतन्त्रता र समानताको सवालमा नेपाली शासकवर्ग कहिल्यै जिम्मेवार बनेन । उल्टो राणा देखि बहुदल , बहुदल देखि पंचायत र फेरि बहुदल सम्म सधै देश भक्तिपूर्ण आन्दोलनलाई दमन गर्ने काम मात्र गरिरहे । जनता वाट गरिने रास्ट्रिय स्वाधिनताको आन्दोलनलाई उत्साहित गर्नुको साटो दलाल सरकारले उल्टो आपाराधिक ढंगले आन्दोलनकारी जनताको टाउको फोड्ने,हात, खुट्टा र ढाड भाच्ने काम कैयौ पटक गरेकोछ । देशभक्त पार्टीका सम्मानित नेताहरू देखि कैयौ योद्धाहरूलाई सयौ पटक हिरासत कोच्ने काम गरेकोछ । यो भारतीय विस्तारवादको दलाल शासकहरूको दलाली र आत्मासमर्पणको पाराकास्ठ नै हो ।

अतः नेपालको बिगत देखि बर्तमान सम्मका घटनाक्रम हेर्दा र अन्तरास्ट्रिय जगतमा बुझ्दा बिदेशी हस्तक्षेप र अतिक्रमणको खास दुई कारणहरू एक : छिमेकी देशको विस्तारवादी तथा साम्राज्यवादी नीति र अर्को : स्वदेशको दलाल व्यवस्था र दलाल शासकहरू हुन् । दलाल ब्यबस्था रहुन्जेल एकपछि अर्को दलाल शासकहरू जन्मिरहन्छन । दलाल ब्यबस्था र दलाल शासक रहुन्जेल रास्ट्रिय स्वाधिनता सधै बन्धकी रहने गर्दछ । देशमा लम्पसारवाद र आत्मासमर्पणवाद हावी हुनेगर्दछ । त्यसकारण रास्ट्रिय स्वाधिनताको लडाईको एउटा निशाना स्वदेशको दलाल संसदीय ब्यबस्था र त्यसले जन्मायको दलाल र आत्मासमर्पणवादी शासकहरू तिर र अर्को निशाना नेपाली रास्ट्रियता र स्वाधिनता माथि गिद्दे दृस्टी लगाउने बिदेशी विस्तारवादी तथा साम्राज्यवादी शासकहरू तिर केन्द्रित गर्नुपर्दछ । दलाल ब्यबस्था र दलाल शासकहरूको पूर्णतया ध्वंस गरि त्यसको ठाउमा क्रान्तिकारी (नयाँ जनवादी) ब्यबस्था र क्रान्तिकारी शासकको स्थापना गरेर मात्र स्वतन्त्र र स्वाभिमान नेपाल निर्माण हुन सक्दछ । स्वतन्त्र र स्वाभिमान नेपाल निर्माण गरेर मात्र विस्तारवादी तथा साम्राज्यवादीहरूको नंग्रा काट्न सकिन्छ । अनि मात्र देशको स्वतन्त्रता र स्वाधिनताको रक्षा गर्न सकिन्छ ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक


# द्वन्द्वरत समाजका साक्ष्य : ‘युद्धका कथाहरु’



● प्रा डा.गोपीन्द्र पौडेल ●

हिरामणि दुःखी राजनीतिक, साहित्यिक, सांस्कृतिक एवम् पत्रकारिताका क्षेत्रमा समेत निरन्तर क्रियाशील र ऊर्जाशील युवा स्रष्टा हुनुहुन्छ । कविता, कथा, समीक्षा, टिप्पणी, निबन्ध, संस्मरण लेखनका साथै साङ्गठानिक क्रियाशीलताका दृष्टिले पनि उहाँ विभिन्न सङ्घ-सङ्गठनमा पूर्णकालिन रूपमा क्रियाशील हुनुहुन्छ । नेपाल र नेपाली जनताको उन्मुक्तिकामी आन्दोलनमा समर्पित स्रष्टा हिरामणि दुःखी विगतको दसवर्षे जनयुद्धमा संलग्न भएर युद्ध आँधीमय जीवनका तीव्रतम् अनुभूतिसँग खेल्दै साहित्यसिर्जनामा क्रियाशील हुँदै आउनुभएको छ, तर अलिकति कुतकुत्याउने कुरो के छ भने दुःखीको क्रियाशीलता अलि धेरै फराकिलो छ, चारौंतर्फ छरिएको छ । यसको तात्पर्य ऊर्जाशील रहँदासम्म सबैतिरको हुने र ऊर्जा धीमा बन्दै जाँदा कहीं कतैको पनि बन्न नसक्ने खतरा उत्पन्न हुन सक्छ । त्यसैले सिर्जना तथा क्रियाशीलताका दृष्टिले आफूलाई विशिष्टीकरण गर्नु राम्रो हो भन्ने लाग्छ । मैले नजिकैबाट जानेबुझेका स्रष्टा हिरामणि दुःखीका सन्दर्भमा यति भन्नु अर्घेल्याइँ नहोला कि, अथवा यहाँनेर म अलिकति आलोचक र उपदेशक पनि भएको हुन सक्छु । जेहोस्, स्रष्टा हिरामणि दुःखी जीवनबोध र जिम्मेवारीबोधका साथ सिर्जनकार्यमा सक्रिय हुनुहुन्छ भन्ने साक्ष्यका रूपमा उहाँका यसअघिका ‘परिभाषा’ (२०६१) र ‘जुन पस्किने यात्रामा’ (२०६५) नामक कवितासङ्ग्रहका साथै प्रस्तुत ‘युद्धका कथाहरू’ नामक कथासङ्ग्रहलाई अगाडि सार्न सकिन्छ ।

विगतको दसवर्षे जनयुद्ध उत्पीडित नेपाली जनताले चलाएको वर्गसङ्घर्षको उच्चतम रूप थियो । २०५२ सालदेखि २०६२ सालसम्मको जनयुद्ध भन्नु नेपाली समाजको वर्गसङ्घर्षको इतिहासमा घनीभूत प्रक्रिया र ऐतिहासिक आवश्यकता थियो, जसले सामन्ती सत्तासंरचना र त्यसअन्तरगत मौलाएको सामन्ती संस्कृतिको




उछित्तो काढ्ने काम गऱ्यो । जनयुद्धको प्रक्रिया उत्तरोत्तर घनीभूत हुँदै जाँदा यो उत्पीडित नेपाली जनताको लागि उन्मुक्तिको आस्था र आशाको पुञ्ज हुनु स्वाभाविकै थियो । त्यसैको परिणाम आम जनपक्षीय क्रियाकलापका साथै सामन्ती संरचनायुक्त राज्यसत्तासमेत यसबाट प्रभावित हुन पुग्यो । जनयुद्धको सघन प्रक्रियाका बीचबाट वीरता, साहस, समर्पण अनि बलिदानका अनगिन्ती गाथा निर्माण भएका छन् र अभूतपूर्व कीर्तिमान कायम भएका छन् । यस अवस्थामा नेपाली समाजमा सम्पन्न हुने समस्त क्रियाकलाप जनयुद्धको त्यो प्रक्रियाबाट असम्पृक्त रहनु सम्भव थिएन । वस्तुतः सामाजिक जीवनका समस्त क्रियाकलापको प्रतिबिम्बन हुने कला-साहित्य पनि वर्गसङ्घर्षको त्यस प्रक्रियाबाट असम्पृक्त रहनु सम्भव नभएकै कारण जनयुद्धसिर्जित यावत् घटना-परिघटनाहरू कला-साहित्यका अजस्त स्रोत बन्न पुगे । यसको तात्पर्य हो, जनयुद्ध सिर्जित नयाँ यथार्थलाई नै समकालीन स्रष्टाले विषयालम्वन बनाउन थाले । वस्तुतः युद्धआँधीमा खेल्दाका आफ्ना गहन अनुभूतिलाई कथाकलामा सजाउने क्रममा नै हिरामणि दुःखीको ‘युद्धका कथाहरू’ नामक कथासङ्ग्रह पाठकसमक्ष आएको छ ।

हामी सामाजिक जीवनका कुरा गर्छौं, समाजविकासको द्वन्द्वात्मक प्रक्रियाका बारेमा छलफल गर्छौं, वर्गविभक्त समाजभित्रका विषमता र तत्जन्य चारित्रिक विशेषताका बारेमा चिन्तन गर्छौं, मानवसृष्टि र मानवविकासका सन्दर्भमा वर्गसङ्घर्षको इतिहास अध्ययन-अन्वेषण गर्छौं र हामी स्वयम् वर्गसङ्घर्षको प्रक्रियामा संलग्न हुन्छौं । यसो गरिरहँदा हामी कथा सुनिरहेका हुन्छौं, कथा पढिरहेका हुन्छौं र कथा सुनाइरहेका हुन्छौं । अर्थात् हामी नै कथा, हामी नै कथावाचक र हामी नै कथाका स्रोता । अझै यसो भनौं, हामी *बाँकी ४ पेजमा*

❑ यो साताको कविता

## सत्यता



❑ सुनिता बुढाथोकी ❑

ओ नालायक शासक
के तिमि सग
बन्दुकले विचार
दमनले विद्रोह
हिंसाले अजम्बरी आवजहरूलाई
पराजित गरेको कुनै इतिहास छ ?

बरु फर्केर हेर
हामी सग हजारौं यस्ता अजम्बरी ईतिहासहरू छन
जहाँ
तिमि जस्तै
दुनियाँका कुरूप तानाशाहहरू
खरानी खरानी भएका छन ।
यो पटक पनि
तिमि नै खरानी हुनेछौं !

## एमसीसी...

रूपमा सुनार, नेपाल दलित समाज मुक्ति मोर्चाका राजकुमार विकले सम्बोधन गर्नु भएको थियो ।

रत्नपार्क शान्तिबाटिकामा कार्यक्रम दिउसो २ बजेबाट सुरु भएको थियो । कार्यक्रमको सञ्चालन जातीय समता समाजका महासचिव भक्त विश्वकर्माले गरेका थिए ।

एमसीसी सम्झौता खारेजीका लागि संघर्षरत ६ पार्टी र २ मोर्चाको पूर्व घोषित संयुक्त संघर्षका कार्यक्रम अन्तर्गत दलित संगठनहरूको संयुक्त आयोजनामा विरोध सभाको आयोजना गरिएको हो ।

विरोधसभालाई सम्बोधन गर्ने वक्ताहरूले एमसीसी सम्झौता राष्ट्रघाती रहेकोले यसलाई कुनै पनि हालतमा कार्यान्वयन गर्न दिन नहुने विचार व्यक्त गर्नुभएको थियो ।



सवारी साधनको क्षमता भन्दा बढी
वजन बोक्नमा रोक लगाऔं

सडकमा सवारी चलाउँदा र सडक तथा फुटपाथ पयोग गर्दा निम्न कुराहरुमा ध्यान राख्नुहुन सम्बन्धित सबैलाई अनुरोध छ ।

- दुई वा दुईभन्दा बढी लेन भएको सडकमा गाडी चलाउँदा लेन अनुशासन पालन गरौं ।
- सडकमा बाटो काटनुपर्दा जेब्रा क्रसिङ, आकाशेपुल, सव-वे अथवा पेलिकन बत्ती या कुनै नभएको ठाउँमा सुरक्षित ठाउँबाट बाटो काटौं ।
- चोक बत्ती भएको ठाउँमा पदैलयात्रीले, पैदलयात्रीका लागि व्यवस्था गरिएको हरियो बत्ती तथा सवारीचालकले सवारीसाधनका लागि व्यवस्था गरिएको हरियो बत्ती बलेपछि मात्र सवारी अगाडि बढाऔं ।
- सवारी चलाउँदा वा बाटो काट्दा माबाइल फोनको प्रयोग नगरौं ।
- जथाभावी ओभरटेक नगरौं, दाहिनेपट्टिबाट अथवा अगाडिको गाडीले संकेत दिएपछि मात्र ओभरटेक गरौं । विपरीत दिशाबाट आउने सावारीसाधनको लेनमा प्रवेश नगरौं ।
- पैदलयात्रीले जान(अन्जानमा बाटो काट्न लागेको छ भने गाडी रोकौं र पैदलयात्रीलाई प्राथमिकता दिऔं ।
- भिन्न क्षमता भएका (शारीरिक कमजोरी तथा दृष्टिविहीन) नागरिकलाई प्राथमिकता दिई सहयोग गरौं ।
- निश्चित तोकिएको ठाउँ (बस स्टप तथा टेम्पो स्टप) बाट मात्र यात्रु चढाउने र ओराल्ने गरौं ।
- सडक विभागको मापदण्ड तथा सवारी साधनको क्षमता भन्दा बढी वजन बोक्नमा रोक लगाऔं ।

हामी सबैले ट्राफिक नियमको पालना गरौ र गर्न लगाउँ
दुर्घटनाबाट बचौं र बचाऔं ।

सडक डिभिजन काठमाडौं

## क्रान्तिकारी...

गरिएको कुरा उल्लेख गरिएको छ । साथै बहिष्कार आन्दोलनलाई दुइ महिने अभियान बनाई सञ्चालन गर्ने निर्णय समेत लिइएको छ ।'

बैठकमा महासचिव किरणले प्रस्तुत गरेको ँवर्तमान राजनीतिक परिस्थिति र हाम्रो कार्यभार' शीर्षकको प्रस्ताव व्यापक छलफल बहस गरी आवश्यक थपघट तथा परिमार्जन सहित सर्वसम्मत रूपमा पारित गरिएको उल्लेख गर्दै सो राजनीतिक प्रस्तावको अंश उल्लेख गर्दै वक्तव्यमा भनिएको छ, ँराजनीतिक प्रस्तावमा अन्तर्राष्ट्रिय परिस्थितिको चर्चा गर्ने सन्दर्भमा युक्रेनको राष्ट्रिय स्वाधीनतामाथि गंभीर खतरा पैदा भएको उल्लेख गर्दै भनिएको छ – युक्रेनको यो अवस्था हुनु अमेरिकी साम्राज्यवाद र रुसी साम्राज्यवादका बीचको अन्तर्विरोधको परिणाम हो । अमेरिकाले नेटो सदस्य देशहरूको साथमा आउन युक्रेनलाई उक्साउँदै आएको थियो भने रुसले युक्रेन नेटोको सदस्य भएको देख्न चाहँदैनथ्यो । अन्त्यमा जव युक्रेनले नेटोमा जाने इच्छा जाहेर गऱ्यो, त्यो रुसका लागि सह्य भएन । यस परिघटनामा दीर्घकालीन दृटिले हेर्दा अमेरिकी साम्राज्यवाद नै मुख्य दोषी देखिन्छ भने तत्कालीन दृष्टिले यसरी एक स्वतन्त्र मुलुक युक्रेनमा आक्रमण गर्नुमा रुसनै दोषी देखिन्छ । यस स्थितिमा रुसी आक्रमण र अमेरिकी उक्साहट दुवैको विरोध गर्दै दुवै साम्राज्यवादको हस्तक्षेप र दबावबाट मुक्त स्वतन्त्र र सार्वभौम मुलुकका रूपमा बाँच्न पाउने युक्रेनको अधिकारलाई हामीले सम्मान गर्ने नीति अवलम्बन गर्नु पर्दछ । साथै, युक्रेन युद्धका सन्दर्भमा देउवा सरकारद्वारा एकपक्षीय रूपमा रुसको विरोध र अमेरिकाको दलाली गरिएको विषय देशको असंलग्न परराष्ट्र नीतिका विरुद्ध छ भन्ने कुरा बैठकले ठहर गरेको छ ।'

त्यसैगरी राष्ट्रघाती एमसीसीबारे महासचिव किरणको राजनीतिक प्रस्तावमा उल्लेख भएको विषयलाई वक्तव्यको ५ नं. बुँदामा भनिएको छ,ँ हालै संसदमा कथित बहुमतद्वारा अनुमोदन गरिएको एमसीसी संझौताबारे उल्लेख गर्दै भनिएको छ – अमेरिकी साम्राज्यवादद्वारा नेपालमा थोपर्ने धृष्टता गरिँदै आएको एमसीसी सम्झौता विशुद्ध आर्थिक आवरणमा पेस गरिए पनि सारमा हिन्द-प्रशान्त रणनीतिको अभिन्न अङ्ग भएको, नेपालको कानुन भन्दा माथि रहेको, अनेकौं कडा शर्तहरू थोपरिएको तथा ती संशोधन नै नहुने भनिएको, नेपालको राष्ट्रिय हित, असंलग्न परराष्ट्र नीति, राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताका विरुद्ध भएको र अमेरिकाको नवउपनिवेशवादी नीति अनुरूप नेपाललाई सैन्य अखडामा परिणत गर्ने अति घृणित उद्देश्यमा आधारित निकै खतरनाक एवम् हानिकारक रहेको छ । त्यसका विरुद्ध हाम्रो पार्टी लगायत विभिन्न वामपन्थी शक्ति तथा अन्य देशभक्त जनताद्वारा निरन्तर संघर्ष संचालन गरिएको र कैयौं देशभक्त सांसदहरूद्वारा सशक्त आवाज उठाइएको भए पनि त्यस प्रकारको जनअभिमतको घोर अवज्ञा गरी नेकाको नेतृत्वमा रहेको गठबन्धन सरकार तथा त्यसमा आवद्ध माओवादी केन्द्र एवम् एकीकृत समाजवादी जस्ता कम्युनिस्ट नामधारी गुटहरूद्वारा अमेरिकी साम्राज्यवादको दलाली गर्दै कथित व्याख्यात्मक घोषणाको भ्रमजाल खडा गरी संसदको कथित बहुमतको नौटङ्की रचेर सो राष्ट्रघाती संझौता अनुमोदन गरियो । यस स्थितिमा हामीले यस संझौतालाई अनुमोदन गर्ने दलालहरूको सशक्त विरोध तथा भण्डाफोर गर्दै देशको राष्ट्रिय स्वाभिमान तथा सार्वभौमिकताको पक्ष र राष्ट्रघाती संझौताको खारेजीका लागि संघर्षलाई निरन्तर अगाडि बढाउँदै जानु पर्दछ ।'

त्यसैगरी भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमिका सम्बन्धमा भनिएको छ,ँ भारतीय विस्तारवादद्वारा दार्चुलाको कालापानी क्षेत्रमा अतिक्रमण गरिएको र अमेरिकी साम्राज्यवादद्वारा एमसीसी संझौता संसदमा अनुमोदन गरिएको स्थिति पैदा हुनुमा देशका प्रतिक्रियावादी तथा संशोधनवादी शासक वर्ग एवम् कम्युनिस्ट नामधारी एमालेद्वारा गरिएको दलाली तथा गद्दारीको उल्लेख गर्दै र यो बेला राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या अत्यन्तै विकराल बन्न पुगेको बताउँदै भनिएको छ – यो बेला हामीले तात्कालिक रूपमा राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका जल्दाबल्दा समस्यालाई लिएर एकल तथा संयुक्त रूपमा सङ्घर्षलाई विकसित तुल्याउँदै जानु पर्दछ भने दीर्घकालीन रूपमा वर्तमान सत्ता तथा व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापनार्थ क्रान्तिको तयारीमा दृढतापूर्वक अगाडि बढ्नु पर्दछ ।'

त्यसैगरी वक्तव्यमा कतिपय अवसरवादी समूहबाट विद्रोह गरी क्रान्तिकारी कमरेडहरूको एउटा हिस्सा पार्टीमा एकताबद्ध भएको र यस परिघटनाबाट एकातिर आन्तरिक एवम् बाह्य दुवै क्षेत्रमा सकारात्मक सन्देश प्रवाहित भएको र पार्टीको शक्ति एवम सामर्थ्यमा वृद्धि हुन गएको कुरा उल्लेख गरिएको छ भने केन्द्रीय समितिको बैठकमा पार्टीमा एकताबद्ध हुनु भएका र अन्य कतिपय कमरेडहरूलाई केन्द्रीय समितिमा समावेश गर्ने महत्वपूर्ण निर्णय समेत लिइएको उल्लेख गरिएको छ ।

## सांस्कृतिक...

कार्यक्रमलाई सम्बोधन गर्दै मार्क्सवादी दर्शन र सौन्दर्यचिन्तनका ज्ञाता चैतन्यले प्रतिक्रियावादी र संशोधनवादी सत्ता र संस्कृतिका विरुद्ध क्रान्तिकारीहरूले महान् जनयुद्धका सांस्कृतिक र राजनीतिक सहिदहरूबाट उर्जा र उत्प्रेरणा लिँदै प्रतिरोध सङ्घर्षलाई सशक्त रूपमा अगाडि बढाउनु पर्ने विचार व्यक्त गर्नु भएको छ ।

उहाँले तत्कालीन प्रतिक्रियावादी सत्ताले काभ्रेका अनेकोटमा क्रुरतापुर्वक च्याङ्वा लामालगायतका सांस्कृतिक योद्धाहरूको हत्या गरेको संस्मरणमा सांस्कृतिक प्रतिरोध दिवस मनाउँदै आएको सन्दर्भको चर्चा गर्दै महान् जनयुद्ध संसदीय प्रतिक्रियावादी व्यवस्थाका विरुद्धको समग्र प्रतिरोध भएको बताउनु भयो ।

जनयुद्धमा भएको बलिदानले व्यवस्थाविरुद्धको प्रतिरोधी संस्कृति निर्माणमा महत्वपुर्ण योगदान पुर्याएको चर्चा गर्दै वर्तमान सामन्त, दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्थाका विरुद्ध नयाँ प्रतिरोधी सङ्घर्ष निर्माणमा जोड दिनुभयो । प्रतिरोधी संस्कृति प्रतिरोध सङ्घर्षसँग सम्बन्धित रहेको चर्चा गर्दै यो नयाँ जनवादी तथा वैज्ञानिक संस्कृतिसँग सम्बन्धित रहेको कुरा समेत स्पष्ट पार्नु भयो ।

उहाँले संस्कृति मानव निर्मित भएको र संस्कृति आम श्रमिक जनवर्गको हितमा आधारित हुने विचार व्यक्त गर्नुभयो । चैतन्यले कम्युनिस्ट क्रान्तिकारीहरूको सांस्कृतिक मूल्यका विषयमा आफ्नो विचार स्पष्ट पार्दै भन्नुभयो, 'सर्वोच्च सांस्कृतिक मुल्य भनेको सत्यम्, शिवम् सुन्दरम् हो । सत्यम भनेको असत्य, झुठका विरुद्ध सत्यको पक्षमा दृढतापुर्वक उभिनु हो । शिवम् भनेको हित हो । अर्थात् श्रमजीवी जनताको हित र कल्याणको पक्षमा उभ्याउनु । र, सुन्दरम् भनेको संगती(हार्मोनी) अर्थात् सबै अन्तरविरोधहरूको समाधान हो ।'

प्रतिक्रियावादी, संशोधनवादी, क्रान्तिकारी गरि तीन किसिमका संस्कृतिहरूको चर्चा गर्दै प्रतिक्रियावादी र संशोधनवादी संस्कृतिको सशक्त प्रतिरोधका बीचबाट नै क्रान्तिकारी संस्कृतिको निर्माण हुँदै जाने विचार पनि व्यक्त गर्नुभयो । मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक आलोकमा राजनीतिक प्रतिरोधसँग सांस्कृतिक प्रतिरोधलाई पनि सशक्त बनाएर लैजानुपर्ने बताउनु भयो ।

त्यसैगरी कार्यक्रममा सौन्दर्य चिन्तक निनु चापागाईंले सांस्कृतिक आन्दोलन पनि वैचारिक आन्दोलन नै भएको चर्चा गर्दै क्रान्तिकारी कम्युनिस्टहरूले पनि आचार व्यवहारमा कम्युनिस्ट सँस्कृतिलाई जीवन पद्धति बनाउन नसकेको बताउनु भयो । प्रभुत्वशाली संस्कृति र सत्तालाई धुलिसात बनाउने उद्देश्य नै प्रतिरोधी संस्कृतिको उद्देश्य हुनुपर्ने धारणा राख्दै उहाँले सर्वहारा सांस्कृतिक क्रान्तिको आवश्यकतामाथि जोड दिनु भयो ।

अर्का वक्ता प्रा.डा. ताराकान्त पाण्डेयले उपभोक्तावादी संस्कृतिले जनस्तर र सामाजिक स्तरमा समेत जरा गाड्न पुगेकोले कम्युनिस्ट क्रान्तिकारीहरूले त्यस्तो प्रतिक्रियावादी संस्कृतिको सशक्त प्रतिरोधका निम्ति आलोचनात्मक चेतलाई बढाउनु पर्नेमा जोड दिनुभयो ।

त्यसैगरी मार्क्सवादी लेखक रोशन जनकपुरीले जातीय, क्षेत्रीय, र लैङ्गिक मुद्दाहरूले वर्गीय मुद्दालाई ओझेलमा पार्दै लगेको चर्चा गर्दै वर्गीय मुद्दालाई प्रधान बनाएर प्रतिरोधी सङ्घर्ष उठान गर्नुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी महिला नेतृ अम्बिका मुड्भरीले वर्तमा सत्ता र व्यवस्थाले महिलामाथि लादेको बहुआयामिक शोषण र उत्पीडनका विरुद्ध सशक्त प्रतिरोध सङ्घर्षको आवश्यकता रहेको चर्चा गर्दै लैङ्गिक उत्पीडन पनि वर्गीय उत्पीडनको विस्तारित रूप भएकोले वर्ग सङ्घर्ष र प्रतिरोध सङ्घर्षलाई एकसाथ अगाडि बढाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा वक्ताहरूले राखेको विचारमाथि सहभागीहरूले केही जिज्ञासा र सुझाबहरू समेत राखेका थिए । इच्छुक सांस्कृतिक प्रतिष्ठानको सभाहलमा आयोजित कार्यक्रमको अध्यक्षता अखिल नेपाल जनसांस्कृतिक महासंघका अध्यक्ष प्रा.डा. जगदिशचन्द्र भण्डारी र सञ्चालन माहासङ्घका महासचिव तथा इच्छुक सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीले गर्नुभएको थियो ।

सांस्कृतिक प्रतिरोध दिवसको सन्दर्भबारे बताउँदै आयोजक संस्थाका महासचिव हिरामणि दुःखीले भने- '२०५५ साल चैत ५ गते सामना परिवारका कलाकारहरू च्याङ्वा लामाको नेतृत्वमा काभ्रेको अनेकोटमा सांस्कृतिक कार्यक्रमद्वारा जनतामा वैचारिक जागरण ल्याउन हिँडेका कलाकारहरूलाई सेल्टर लिई बसेको घरमा प्रहरीहरूले घर घेरा हाली आगो लगाएर सामूहिक हत्या गरेको थियो । घरमा आगो लगाएपछि भाग्दै गरेका निहत्था कलाकारहरूलाई गोली हानी हत्या गरिएको थियो । उक्त घटनामा च्याङ्वा लामा, निर्मला देवकोटा, गुम्बासिं तामाङ, मञ्जु कुँवर, सुभद्रा सापकोटा, चिनिमायाँ लामा, डम्बर श्रेष्ठको हत्या गरिएको थियो । यो शृङ्खला यतिमै रोकिएन । जनयुद्धको राप र तापबाट अत्तालिएको फासिवादी सत्ताले देशैभरी सामूहिक हत्याकाण्ड मञ्चन गर्दै गयो ।' दुःखीले अगाडि भने- 'यसैगरी रोल्पाको भावाङ, सुकिदह, हार्जङमा पनि कलाकारहरूले सामूहिक हत्याको शिकार हुन पुगेका थिए । त्यस्तै डुङ्गला, मुठभरा, जुफाल, लहँमा पनि कलाकारहरूको सामूहिक हत्या गरिएको थियो ।' यी सबै सामूहिक हत्याकाण्डहरूको सम्झना र देशैभरी जनयुद्धका क्रममा सहिद भएका सांस्कृतिक योद्धाहरूको सम्मानमा अखिल नेपाल जनसांस्कृति महासङ्घले २०६० सालदेखि चैत ५ गतेलाई सबै हत्याकाण्डहरूको सामूहिक प्रतिनिधित्व हुनेगरी 'सांस्कृतिक प्रतिरोध दिवस' मनाउने गरिएको महासचिव हिरामणि दुःखीले बताए ।







## आलोपालो

# श्रमिक महिला दिवस एक टिप्पणी



● क्रान्ति पाण्डे ●

*विलासी जीवन होइन नारी*
*अधिकार र कर्तव्यको खोजी गर*
*उपभोग्य बस्तु होइनौ हामी*
*स्वतन्त्रताको निम्ति संघर्ष गर ॥*
*आधा संसार यो धर्ती हाम्रै हो चिन्ता नगर ॥*

सन् १८५७ मा समान काम समान ज्याला लगाएतका माग राख्दै अमेरिकी गार्मेन्टमा कार्यरत महिलाहरूले हडताल गरेका थिए । जस्को सम्झनामा सन् १९१० मा डेनमार्कको कोपनहेगनमा भएको अन्तर्राष्ट्रिय महिला सम्मेलनले (क्लारा जेट्किन लगाएतका महिलाहरूको प्रस्तावमा) सोहि दिनलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रूपमा मनाउने निर्णय गर्यो । त्यसैबेलादेखि यो दिवस विश्वब्यापि रूपमा मनाउन थालियो । जसलाई सन् १९१७ मा लेलिनको नेत्रृत्वमा अक्टोबर क्रान्ति सम्पन्न भएपछि सोभियत कम्युनिस्ट पार्टीले सरकारी मान्यता दिएर यो मनाउने घोषणा गर्यो । तर १९७५ मा संयुक्त राष्ट्रसङ्घले 'श्रमिक' शब्द हटाएर अन्तर्राष्ट्रिय महिला दिवसका नामबाट शोषक बर्गका महिलाहरूले पनि उक्त दिवस मनाउन थाले । यसै क्रममा नेपालमा पनि पन्चायती पालादेखि दिवसका रूपमा मनाउन थालियो । यस अमेरिकी महिलाहरूको त्याग र बलिदानीबाट प्राप्त उक्त दिनलाई पछिल्लो समयसम्म हेर्दा फेसनको रूपमा मनाउने प्रचलन बढ्दो देखिन्छ ।

सदियौदेखि हरेक समाजका हरेक तहमा अनेक किसिमका शोषणबाट उत्पीडित हामी सतहमा हेर्दा जति खुसि सुखि र स्वतन्त्र देखिएता पनि वास्तविक रूपमा हेर्दा आम चपेटामा नै देखिन्छौ । अझ हाम्रो जस्तो पितृ सत्तात्मक पुरातनबादी सोच बोकेको नेपाली समाजलाई नियाल्दा राजनीतिक रूपमा पछिल्लो समयमा महिला सहभागिता हेर्दा आवरणमा निकै फड्को मारेको आभास हुन्छ । जस्मा राज्यका प्रमूख तथा अति विशिष्ट पददेखि स्थानीय तहसम्म करिब (९० प्रतिसत स्थानीय तहमा) भएको महिला सहभागिता सायद कमै मुलुकमा होला जस्तो लाग्छ । तर बिडम्बना जुनसुकै पदमा महिलाहरू नेतृत्व तहमा देखिएता पनि महिलाको नेतृत्व स्वीकार्न पुरूषवादी चिन्तन बोकेका राष्ट्र नायकहरू (भनौदाहरू) तयार देखिदैनन् । जहाँ, जहिले र जसरी पनि हामी नारीहरूलाई सहयोद्दाको रूपमा नभई सहयोगी, सहायकको रूपमा लिने परम्परा छ । तसर्थ राज्यको उपल्लो निकायमा पुगेका महिलाहरूले पनि लैङ्गिक विभेदका विरूद्ध खासै तदारुकता देखाएको पाइदैन । आवरणमा हेर्दा समाजवाद उन्मुख समृद्ध नेपाल सुखी नेपालीको नारा घन्काईरहेका छौ । यो नारा कहाँबाट कसरी ल्याईयो थाहा छैन । मैले बुझेको समाजवाद त सामाजिक न्यायमा आधारित/अहिलेसम्म पछाडी पारिएका समूहलाई राज्यको मुल धारमा ल्याउने कुरासँग सम्बन्धित छ । यस्मा महिला समूह पनि पक्कै अटाइनु पर्ने होला । अन्य मूलधार बाहिरका शक्तिको पनि सुनुवाइ हुनुपर्ने होला । बर्तमान परिवेशमा हेर्दा लाग्दैन हामी समृद्धिको उत्कर्षमा छौ । अदम्य क्षमता र ऊर्जा भएका तनाम महिलाहरू राज्यको विभिन्न निकायमा हुँदाहुदै पनि महिलाको पहिचानको मुद्दा पुरूषमा आश्रित छ । *बाँकी ४ पेजमा*

## स्थानीय...

राज्य संयन्त्रको बलमा यो सत्ता तथा व्यवस्था टिक्न पुगेको, अहिले संसदमा राष्ट्रघाती एमसीसी अनुमोदन गर्ने काममा नेकाका साथै कम्युनिस्ट नामधारी माके, एकीकृत समाजवादी, एमाले लगायतका राजनीतिक दलहरूद्वारा अमेरिकी साम्राज्यवादको चरम दलाली तथा राष्ट्रिय गद्दारी गरिएको स्थितिमा तिनको अझै भण्डाफोर गर्न अति जरुरी भएको, निर्वाचन उपयोगको प्रश्न हरेक दृष्टिले सार्थक बन्ने संभावना नरहेको र पार्टीको क्रान्तिकारी छवि उपयोग होइन वहिष्कारद्वारा नै समुज्ज्वल हुने देखिएकोले स्थानीय निर्वाचनको बहिष्कार गर्ने नीति अवलम्बन गरिएको कुरा उल्लेख गरिएको छ ।"

साथै वक्तव्यमा बहिष्कार आन्दोलनलाई दुई महिने अभियान बनाई सञ्चालन गर्ने निर्णयसमेत लिइएको जनाइएको छ ।

बैठकमा महासचिव किरणले प्रस्तुत गरेको 'वर्तमान राजनीतिक परिस्थिति र हाम्रो कार्यभार' शीर्षकको प्रस्ताव व्यापक छलफल बहस गरी आवश्यक थपघट तथा परिमार्जन सहित सर्वसम्मत रूपमा पारित गरिएको उल्लेख गर्दै सो राजनीतिक प्रस्तावको अंश उल्लेख गर्दै वक्तव्यमा भनिएको छ, 'राजनीतिक प्रस्तावमा अन्तर्राष्ट्रिय परिस्थितिको चर्चा गर्ने सन्दर्भमा युक्रेनको राष्ट्रिय स्वाधीनतामाथि गंभीर खतरा पैदा भएको उल्लेख गर्दै भनिएको छ – युक्रेनको यो अवस्था हुनु अमेरिकी साम्राज्यवाद र रुसी साम्राज्यवादका बीचको अन्तर्विरोधको परिणाम हो । अमेरिकाले नेटो सदस्य देशहरूको साथमा आउन युक्रेनलाई उक्साउँदै आएको थियो भने रुसले युक्रेन नेटोको सदस्य भएको देख्न चाहँदैनथ्यो । अन्त्यमा जब युक्रेनले नेटोमा जाने इच्छा जाहेर गर्‍यो, त्यो रुसका लागि सह्य भएन । यस परिघटनामा दीर्घकालीन दृष्टिले हेर्दा अमेरिकी साम्राज्यवाद नै मुख्य दोषी देखिन्छ भने तत्कालीन दृष्टिले यसरी एक स्वतन्त्र मुलुक युक्रेनमा आक्रमण गर्नुमा रुसनै दोषी देखिन्छ । यस स्थितिमा रुसी आक्रमण र अमेरिकी उक्साहट दुवैको विरोध गर्दै दुवै साम्राज्यवादको हस्तक्षेप र दबावबाट मुक्त स्वतन्त्र र सार्वभौम मुलुकका रूपमा बाँच्न पाउने युक्रेनको अधिकारलाई हामीले सम्मान गर्ने नीति अवलम्बन गर्नु पर्दछ । साथै, युक्रेन युद्धका सन्दर्भमा देउवा सरकारद्वारा एकपक्षीय रूपमा रुसको विरोध र अमेरिकाको दलाली गरिएको विषय देशको असंलग्न परराष्ट्र नीतिका विरुद्ध छ भन्ने कुरा बैठकले ठहर गरेको छ ।'

त्यसैगरी राष्ट्रघाती एमसीसीबारे महासचिव किरणको राजनीतिक प्रस्तावमा उल्लेख भएको विषयलाई वक्तव्यको ५ नं. बुँदामा उल्लेख गर्दै भनिएको छ, 'हालै संसदमा कथित बहुमतद्वारा अनुमोदन गरिएको एमसीसी संझौताबारे उल्लेख गर्दै भनिएको छ – अमेरिकी साम्राज्यवादद्वारा नेपालमा थोपर्ने धृष्टता गरिँदै आएको एमसीसी सम्झौता विशुद्ध आर्थिक आवरणमा पेस गरिए पनि सारमा हिन्द-प्रशान्त रणनीतिको अभिन्न अङ्ग भएको, नेपालको कानुन भन्दा माथि रहेको, अनेकौं कडा शर्तहरू थोपरिएको तथा ती संशोधन नै नहुने भनिएको, नेपालको राष्ट्रिय हित, असंलग्न परराष्ट्र नीति, राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताका विरुद्ध भएको र अमेरिकाको नवउपनिवेशवादी नीतिअनुरूप नेपाललाई सैन्य अखडामा परिणत गर्ने अति घृणित उद्देश्यमा आधारित निकै खतरनाक एवम् हानिकारक रहेको छ । त्यसका विरुद्ध हाम्रो पार्टी लगायत विभिन्न वामपन्थी शक्ति तथा अन्य देशभक्त जनताद्वारा निरन्तर संघर्ष संचालन गरिएको र कैयौं देशभक्त सांसदहरूद्वारा सशक्त आवाज उठाइएको भए पनि त्यस प्रकारको जनअभिमतको घोर अवज्ञा गरी नेकाको नेतृत्वमा रहेको गठबन्धन सरकार तथा त्यसमा आवद्ध माओवादी केन्द्र एवम् एकीकृत समाजवादी जस्ता कम्युनिस्ट नामधारी गुटहरूद्वारा अमेरिकी साम्राज्यवादको दलाली गर्दै कथित व्याख्यात्मक घोषणाको भ्रमजाल खडा गरी संसदको कथित बहुमतको नौटङ्की रचेर सो राष्ट्रघाती संझौता अनुमोदन गरियो । यस स्थितिमा हामीले यस संझौतालाई अनुमोदन गर्ने दलालहरूको सशक्त विरोध तथा भण्डाफोर गर्दै देशको राष्ट्रिय स्वाभिमान तथा सार्वभौमिकताको पक्ष र राष्ट्रघाती सम्झौताको खारेजीका लागि संघर्षलाई निरन्तर अगाडि बढाउँदै जानु पर्दछ ।'

त्यसैगरी भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमिका सम्बन्धमा भनिएको छ, 'भारतीय विस्तारवादद्वारा दार्चुलाको कालापानी क्षेत्रमा अतिक्रमण गरिएको र अमेरिकी साम्राज्यवादद्वारा एमसीसी संझौता संसदमा अनुमोदन गरिएको स्थिति पैदा हुनुमा देशका प्रतिक्रियावादी तथा संशोधनवादी शासक वर्ग एवम् कम्युनिस्ट नामधारी एमालेद्वारा गरिएको दलाली तथा गद्दारीको उल्लेख गर्दै र यो बेला राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्या अत्यन्तै विकराल बन्न पुगेको बताउँदै भनिएको छ – यो बेला हामीले तात्कालिक रूपमा राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका जल्दाबल्दा समस्यालाई लिएर एकल तथा संयुक्त रूपमा सङ्घर्षलाई विकसित तुल्याउँदै जानु पर्दछ भने दीर्घकालीन रूपमा वर्तमान सत्ता तथा व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापनार्थ क्रान्तिको तयारीमा दृढतापूर्वक अगाडि बढ्नु पर्दछ ।'

वक्तव्यमा कतिपय अवसरवादी समूहबाट विद्रोह गरी क्रान्तिकारी कमरेडहरूको एउटा हिस्सा पार्टीमा एकताबद्ध भएको र यस परिघटनाबाट एकातिर आन्तरिक एवम् बाह्य दुवै क्षेत्रमा सकारात्मक सन्देश प्रवाहित भएको र पार्टीको शक्ति एवम सामर्थ्यमा वृद्धि हुन गएको कुरा उल्लेख गरिएको छ भने केन्द्रीय समितिको बैठकमा पार्टीमा एकताबद्ध हुनु भएका र अन्य कतिपय कमरेडहरूलाई केन्द्रीय समितिमा समावेश गर्ने महत्वपूर्ण निर्णय समेत लिइएको उल्लेख गरिएको छ ।

बहिस्कार आन्दोलनलाई सशक्त बनाउन क्रान्तिकारी माओवादीले प्रदेश र जिल्लाको बैठक बसेर ठोस योजना र कार्यक्रम बनाउने तयारी गरिरहेको छ ।

केन्द्रीय समितिको बैठकले प्रत्येक प्रदेश समिति र जबस मोर्चाहरूले संयुक्त रूपमा जिल्ला तथा स्थानीय तह केन्द्रित बहिष्कार आन्दोलनको दुई महिने अभियान बनाई प्रभावकारी रूपमा जनपरिचालन गर्ने, जवस मोर्चामा कार्यरत केन्द्रीय नेतृत्वहरू सम्बन्धित प्रदेशको अभियानमा सहभागी हुने भनिएको छ ।

बैठकले बहिष्कार आन्दोलनका मूल नाराहरू समेत तय गरेको छ । कथित स्थानीय निर्वाचन बहिष्कार गरौं !, राष्ट्रघाती एमसीसी सम्झौता- खारेज गर !, भारतीय अतिक्रमित कालापानी क्षेत्र- मुक्त गरौं !, संघीय जनगणतन्त्र- स्थापना गरौं !, नयाँ जनवादी क्रान्ति- जिन्दावाद !, मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !, ने.क.पा.(क्रान्तिकारी माओवादी) - जिन्दावाद !, प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्था - मुर्दावाद !, भारतीय विस्तारवाद, अमेरिकी साम्राज्यवाद, दक्षिणपन्थी संशोधनवाद - मुर्दावाद !, वीर सहिदहरू - लालसलाम ! आदि नाराहरू तय गरिएका हुन् ।

आन्दोलनको प्रचारका साधनहरूमा पर्चा, पोष्टर, भित्तेलेखन, ब्यानरिङ्ग र कोणसभा, जनसभासहित नयाँ प्रविधिसमेत उपयोग गर्ने निर्णय गरिएको छ ।

क्रान्तिकारी माओवादीले निर्वाचन बहिस्कार गर्ने निर्णय गरेपछि प्रतिक्रियावादी र संशोधनवादी दलाल तत्वहरू आत्तिन पुगेका छन् र क्रान्तिकारीहरूका विरुद्ध अनेकन घेराबन्दी र भ्रामक प्रचारहरू समेत गर्न थालेका छन् ।


नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं

**सडक डिभिजन**

**चरिकोट, दोलखा**

**सार्वजनिक सूचना**

**"सडक सुरक्षा मानवीय सुरक्षा"**

१. सार्वजनिक सडक मापदण्डको पूर्ण रूपमा पालना गरौं ।
२. सडकको ROW अतिक्रमण नगरौं/नगराऔं ।
३. सडक आसपास निर्माण कार्य गर्दा, गराउँदा सार्वजनिक सडकहरूको संरक्षण गरौं/गराऔं ।
४. सडक सुरक्षा कार्यहरूमा जनचेतना फैलाऔं ।
५. ट्राफिक संकेतहरूको बारेमा जानकारी लिऔं र पूर्ण पालना गरौं ।
६. जेब्रा क्रसबाट मात्र बाटो काट्ने गरौं ।
७. सार्वजनिक सवारीसाधनको प्रयोग गर्दा भारवहन क्षमताभन्दा बढी मात्रामा यात्रु नचढौं/नचढाऔं ।
८. मादक पदार्थको सेवन गरी सवारीसाधन नचलाऔं ।
९. सडकको प्रयोगमा ज्येष्ठ नागरिक, बालबालिका र अशक्तलाई प्राथमिकता दिने बानी बसालौं ।

**डिभिजन प्रमुख**


**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।